मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

• वर्ष १ • अंक २५८ • २०८० साल साउन १३ गते शनिबार • Saturday 29, July 2023 • सूर्योदयः बिहान ५:२८ बजे • सूर्यास्तः साँझ ६:५५ बजे • पृष्ठ ४+४ • मूल्य रु. ५/-

# मेयरको 'हैकमवाद' विरुद्ध पचरौतामा वडाध्यक्षहरुकै तालाबन्दी

- *१४ महिनादेखि मेयरबाट कुनै खबर नआएको गुनासो*
- *मेयर उपमेयरले वीरगंज गएर नगरसभा गरेको दाबी*
- *सिसिटिभी बिगारेर जसपाका वडाध्यक्षमाथि दुव्र्यवहार*
- *वडाध्यक्ष नै तालाबन्दी गरेर बदनाम गरिहरेको मेयरको भनाइ*


*तस्विरः मधेशदृष्टिसँग कुरा गर्दै मेयर जल[illegible] सिंह जैसवार ।*
















**मधेशदृष्टि**
**वीरगंज ।**
लामो समय बित्दा बाराको पचरौता नगरपालिकामा वडाध्यक्षहरुले लगाएको तालाबन्दी खुल्न सकेको छैन । ९ वटा वडा रहेको पचरौतामा चार वटा वडामा वडाध्यक्षले नै तालाबन्दी गरेका छन् । उनीहरुले १४ महिना यता मेयर जलन्धर सिंह जैसवारले कुनै सूचना नदिएको, बजेट नपठाएको भन्दै तालाबन्दी गरेका हुन् ।
वडा नम्बर ९ का वडाध्यक्ष गगनदेव यादवले भने, 'वीरगंजमा नगरसभा गर्ने भनेर सूचना असार ९ गते पाएँ, त्यो बाहेक यो १४ महिनामा कुनै काम गर्न पाइएको छैन, मेयरले कुनै कामका लागि बजेटसमेत दिएका छैनन् । उनको हैकमवादी र दादागिरी कायमै छ ।'
यस्तै, वडा नम्बर ४ का वडाध्यक्ष कन्हैयालाल यादवले भने, '१४ महिनामा मेयरसाबबाट केही खबर छैन, मात्र असार ९ गते राति फेसबुकमा जानकारी भयो कि नगरसभा हुने भयो । त्यो पनि अरुबाट थाहा पाएँ ।'
यस्तै, वडा नम्बर ६ का अध्यक्ष मकबुल अन्सारीले भने, 'नगरप्रमुख सरकार हो, तर सरकारको रोल नै छैन । हामी चाहन्छौँ, बैठक बोलाएर वार्ता गरौँ । हाम्रा नाजायज माग पनि छैन । तर उहाँको भूमिका त्यस्तो छैन ।' अन्सारीले भने, 'अहिलेसम्म कुनै सूचना आएन, पाइएन, वडाध्यक्षकै यस्तो अवस्था छ, असार ५ गते नगरसभाबारे थाहा पाएपछि असार १० गते सिडिओ कार्यालय पनि गएका हौँ ।'
वडासदस्य प्रेमनारायण चौधरीले भने, 'राम्रो काम गरे साथ छ । तर दादागिरी छ । राजाको चलेन त उनको के चल्छ ? जम्मा गाउँमा पाँच सात लाख रुपैयाँको ग्राभेल भएको छ । केही कामै भएको छैन ।' उनले भने, '१४ महिनामा केही कामै गर्न सकिनँ । विकासका काममा पनि आफ्नो पैसा लगानी गरेको छु ।' उनले मेयर सिंहले झुटको बजार चलाइरहेको बताए ।
यस्तै, वडासदस्य अखिलेश यादवले पनि नगरपालिकाले के गरिरहेको छ, कुनै खबर नआएको बताए ।
वडासदस्य पनालाल कुमार यादवले पनि पचरौतामा पारदर्शी ढंगले काम हुन नसकेको बताए ।
वडा नम्बर २ का वडाध्यक्ष मनोज यादवले भने पचरौताको वडा नम्बर २, ४, ५, ६ र ८ को कार्यालय बन्द रहेको बताए । उनले भने, 'जसपाले जितेको चार वटा वडा र एमालेले जितेको वडा नम्बर ५ को कार्यालय बन्द नै छ । वडा नम्बर ५ मा पनि वडाध्यक्ष मात्रै एमालेले जितेको हो, अरु सबै सदस्य जसपाका हुन् ।'
वडाध्यक्ष यादवले भने, 'हाम्रा मागहरु पूरा भएकै छैनन्, मेयर–उपमेयरले हामीलाई थाहै नदिई वीरगंज गएर नगरसभा गरेको भन्नु भएको छ, नगरसभा भएकै छैन ।' यादवले भने, 'असार १० गते बारा सिडिओ कार्यालय पुगेर हामीले अपिल गरेका थियौँ, सिडिओसाबले पत्र पनि काट्नु भएको थियो तर कुनै प्रतिक्रिया आएन, असार १० गते नै साँझ हामी जसपाबाट जितेका वडाध्यक्षहरुमाथि सिसिटिभी बन्द गरेर दुव्र्यवहार भयो र नगरसभा सम्पन्न भएको खबर बाहिर आयो ।' वडाध्यक्ष यादवले नगरसभा नै नभएको दाबी गरे । करारका कर्मचारी भर्ना, नगर

*बाँकी पृष्ठ २ मा*

# भन्सारमा कडाइपछि ग्रामीण नाकाबाट तस्करी



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरीले वीरगंज भन्सार नाकाबाट सानोतिनो घरायसी सामान रोकेर ग्रामीण नाकाबाट तस्करी खोलेको पाइएको छ । रक्सौल बजारबाट घरायसी सामान किनेर ल्याउने सर्वसाधारणले वीरगंज भन्सार नाकामा सशस्त्र प्रहरीको तनाव खेप्नु परेको छ भने तस्करले सशस्त्र प्रहरीको मिलोमतोमा अलौं, सिर्सिया, भेलाही, प्रसौनीभाठ्ठा, अमरपट्टि, सिक्टा भिस्वा नाकाबाट तस्करीको लाइन खोलिएको पाइएको हो ।



देखाउनका लागि वीरगंज भन्सार मुख्य गेटमा सिसिटिभी जडान गरी सशस्त्र प्रहरीले अर्को नाकाबाट कबाडीको तस्करीदेखि कपडाको तस्करी खोलेको बताइएको छ । अहिले अलौं, सिर्सिया, भेलाही, प्रसौनीभाठ्ठा, अमरपट्टि, सिक्टा भिस्वालगायतको नाकाबाट कबाड, कपडा, इलेक्ट्रोनिक सामान, कुखुराको चल्ला तस्करी भइरहेको छ । विगतमा वीरगंजको इनर्वा नाकाबाट तस्करी गर्ने कुख्यात कपडाको तस्कर, कबाडको तस्कर ग्रामीण नाकाबाट तस्करी कार्यलाई तिब्रता दिन थालेका छन् । वीरगंजस्थित सशस्त्र प्रहरीको १३ नम्बर गणका सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाको निर्देशनमा वीरगंज भन्सार नाकामा व्यापक कडाइ गरिएको छ । वीरगंज भन्सारस्थित सशस्त्र प्रहरी मात्र होइन, १३ नम्बर गणबाट पनि सशस्त्र प्रहरी भन्सारमा खटाइएको छ । देखाउनका लागि भन्सार कार्यालयमा कडाइ गरेर ग्रामीण नाकाबाट तस्करीको लाइन खोल्नुले सशस्त्र

*बाँकी पृष्ठ २ मा*

# एडिबीले जनकपुरधाममा तीन अर्ब लगानी गर्ने




**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधाम ।
जनकपुरधाम उपमहानगरपालिकामा एसियाली विकास बैङ्कको सहयोगमा दोस्रो चरणको परियोजना सुरु भएको छ । करिब ३ अर्ब रुपैयाँ लागतमा सुरु भएको अर्बन रजिलेन्स एन्ड लाइभेवलिटी ईम्प्रुभमेन्ट प्रोजेक्टअन्तर्गत २८ किलोमिटरमा फुटपाथसहितको सडक र ढलनाला निर्माण हुने उपमहानगरपालिकाले जनाएको छ ।
यसका साथै जनकपुरधामको ऐतिहासिक तथा धार्मिक महत्वको रत्नसागर पोखरीसहित यस क्षेत्रको पर्यटकीयस्थलको रुपमा सौन्दर्यीकरणमा खर्च गरिने उपमहानगरपालिकाका इन्जिनियर वीरेन्द्र कुमार यादवले जानकारी गराए ।
परियोजना शुभारम्भ गर्दै जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले जनकपुरधाम–ढल्केवर सडक खण्डको पश्चिमको भागमा पर्ने निर्माण हुन बाँकी रहेको परिक्रमा सडक, रामानन्द चोकदेखि कुर्था जाने परिक्रमा सडक, बजरङ्ग चोकदेखि वाल्मीकि चोक हुँदै सीताकुण्ड भएर परिक्रमा सडक, आँखा अस्पतालदेखि वाल्मीकि प्रहरी चौकीको सडकको पुनः निर्माण तथा सौन्दर्यीकरण गरिने बताए ।
परियोजनामा एसियाली विकास बैंकले प्रदान गरेको रकम नेपाल सरकारमार्फत ७५ प्रतिशत, जनकपुरधाम उपमहानगरपालिकाको म्याजिक फन्ड ७ प्रतिशत र १८ प्रतिशत नागरिक लगानी कोषमार्फतको सफ्ट लोनबाट पाँच वर्षमा परियोजनाको काम सम्पन्न हुने जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख साहले जानकारी दिए ।
सफ्ट लोन योजना सम्पन्न भएको १५ वर्षमा फिर्ता हुने गरी त्रिपक्षीय सम्झौता भएको नगर प्रमुख साहले जानकारी दिए । परियोजनाको म्याद सन २०२३ देखि २०२८ सम्म तोकिएको छ ।
उपमहानगरपालिकाले चार अर्ब रुपैयाँ प्रस्ताव गरेकामा सडक, ढलनाला र तालतलैया सौन्दर्यकरणदेखि पर्यटन विकास र सरसफाइमा पनि खर्च हुने बताइएको छ ।



# रुपैठा प्रिमियर लिग उद्घाटन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा २० रुपैठामा शुक्रबारदेखि २०÷२० क्रिकेट प्रतियोगिता रुपैठा प्रिमियम लिगको आयोजना भएको छ ।
टूर्नामेंटको उद्घाटन जनकपुरधामका नगर प्रमुख मनोजकुमार साहले रिबन काटेर गरेका थिए । रुपैठा प्रिमियम लिगका कप्तान पारसकुमार महतोको अध्यक्षतामा आयोजित कार्यक्रममा मेयर मनोजकुमार साहले पढाइसँगै खेलकुद पनि जीवनमा महत्वपूर्ण हुने भएकाले मानसिक स्वास्थ्यका लागि अत्यावश्यक रहेको शरीरलाई बलियो बनाउने बताए ।
नगर प्रमुख साहले भने,'संशाधनको अभावमा रुपैठा प्रिमियम लिगले क्रिकेट टूर्नामेंट शुरू गरेको छ यो खुशीको कुरा हो। यस रुपैठा प्रिमियम लिगलाई जनकपुरधाम उपमहानगरपालिकाले पनि आर्थिक सहयोग गर्ने छ ।' २०÷२० क्रिकेट टूर्नामेंटमा आठ वटा क्रिकेट टिमको सहभागिता रहेको छ ।
टूर्नामेंटमा फाइनल विजेतालाई १५ हजार नगद र शिल्ड, उपविजेतालाई ७ हजार नगद र शिलड प्राप्त गर्नेछन् ।उद्घाटन कार्यक्रममा नेपाली कांग्रेसका नेता सुरेन्द्र शाह, रामकिशुन महतो, जगतनारायण झा, राजीव मण्डल, रामबाबु महतो, सत्यनारायण भण्डारी, महन्त महतो लगायतको उपस्थिति रहेको थियो । उद्घाटन खेलमा लक्ष्मीनियां र देवपुराबीच खेल भएको छ ।

# बिलबिजक भन्दा बढीको सामान बोकेको आशंकामा ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले बिलबिजक भन्दा बढि औषधी तथा खुद्रा सामानहरु लोड गरेको ट्रक नियन्त्रणमा लिएको छ । विशेष सूचनाको आधारमा मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरबाट खटिएको प्रहरी टोलीले वीरगंजबाट परवानीपुरतर्फ जाँदै गरेको ना. ३ ख ७०५२ नम्बरको मालबाहक कन्टेनर सहितको ट्रक नियन्त्रणमा लिएको हो ।
अन्दाजी राति करिब ३ बजेको समयमा वीरगंज महानगरपालिका वडा नं. २१ परवानीपुर स्थित सडक खण्डमा ति ट्रकलाई नियन्त्रणमा लिइएको पर्साका प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए । उनका अनुसार बिलबिजक भन्दा बढ मालबस्तु लोड रहेको शंकाको आधारमा ट्रकलाई रोकेर चेकजाँच गर्दा बिलबिजक भन्दा बढिको सामान लोड रहेको देखिएको थियो ।
८३ लाख ९२ हजार ७८२ रुपैयाँको बिलबिजक रहेको ति ट्रकमा बिलबिजक भन्दा बढिको सामान रहेको शंका लागेपछि ट्रकलाई नियन्त्रणमा लिएर राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको प्रहरी नायब उपरीक्षक गिरीको भनाई छ ।




# युवकको शव फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
सप्तरीमा एक युवकको शव फेला परेको छ भने एक गम्भीर घाइते अवस्थामा भेटिएका छन् ।
सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका वडा नम्बर १० इनर्वामा स्थानीय २१ वर्षीय तिर्कनारायण मण्डलको घर नजिकै हिलोमा गाडिएको अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक नरेशकुमार सिंहका अनुसार मण्डलको हत्या भएको हुन सक्ने आशङ्का गरिएको छ ।
स्थानीयवासीले बिहान ६ बजेतिर शव देखेपछि प्रहरीलाई जानकारी गराएका थिए । प्रहरीका अनुसार घाइते अवस्थामा भेटिएका अजय मण्डलको राजविराजमा रहेको छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ । घटनाबारे अनुसन्धान भइरहेको छ ।

# जलेश्वरमा 'हरित अभियान'

**रासस**
**महोत्तरी ।**
जलेश्वर नगरपालिकाले 'हरित अभियान'अन्तर्गत एक लाख २५ हजार नयाँ बिरुवा रोप्ने भएको छ । चालू आवको साउन महिनाभित्रै उक्त संख्यामा वृक्षरोपण गरिने नगरप्रमुख सुरेश साह सोनारले जानकारी दिए । 'हामी नगरको धार्मिक पहिचानमा अब हरित नगरी पनि थप्दै छौँ, साउनभित्रै नयाँ बिरुवा रोपिने लक्ष्यसाथ धमाधम वृक्षरोपण जारी छ', उनले भने । जलाधिनाथ महादेव श्री जलेश्वरनाथ, तपस्वी ऋषि भृगु आश्रम, रतबारा मठ, सन्सारीमाई देवीस्थान, धार्मिक महत्वका वरुण, पुरन्दर र भार्गव सर (तलाउ) एवं अन्य कैयौँ देवीदेवता र मठस्थलले जलेश्वरको परिचय धार्मिक नगरी रहँदै आएको छ ।'हाम्रो नगर धार्मिक महत्वको छ, यहाँ बर्सेनि जलाधिनाथ महादेवको दर्शनकै लागि टाढाटाढाबाट श्रद्धालु भक्तजन आइरहेका छन्', उनले भने, 'अब हामी स्वच्छ र हराभरा नगर अवलोकनमा पनि पर्यटक आउने वातावरण बनाउन चाहान्छौँ, अहिलेको हरित अभियान यसैका लागि हो ।' यस क्रममा जारी साउनभित्रै सुरक्षाका उपाय अवलम्बन गर्दै बिरुवा रोपिने साहले बताए ।'मिथिलामा शुभकार्यमा 'सवालाख' शुभ मानिन्छ, दान, पूण्यमा पनि सङ्कल्पमै 'सवा' बोलिने/भनिने चलन पछ्याउँदै हामीले सवा लाख बिरुवा रोपणको सङ्कल्प गरेका छौँ, यसपाली शरद सुरु हुनपूर्व यो पूरा गरिन्छ ।' यो अभियानको पहिलो चरणमा मुख्य बजार क्षेत्रमा अहिले धमाधम बिरुवा रोपण भइरहेको उहाँले जानकारी दिनुभयो । बजार क्षेत्रमा रोपिएका बिरुवाको संरक्षणको जिम्मेवारी सम्बद्ध व्यापारीलाई बनाइएको साहको भनाइ छ ।'बजार क्षेत्रमा प्रत्येक पसल अगाडि सम्बद्ध व्यापारीले एउटा बिरुवा हुर्काउनैपर्ने जिम्मेवारी दिएका छौँ, बिरुवा, तारजालीको घेराबार, मलिलो माटो र अन्य मलजलको प्रबन्ध नगरपालिकाले गरेको छ', उनले भने, 'बिरुवाको नियमित देखभाल र संरक्षणको जिम्मेवारी चाहिँ व्यापारीले गर्नपर्छ ।' आफ्नो अगाडिको बिरुवा कुनै कारणले सर्न नसके व्यापारीले वडा कार्यालयमा जानकारी दिइ अर्को बिरुवा लिनसक्ने व्यवस्था छ ।
अहिले नगरको मुख्य बजारक्षेत्रका सडक किनारमा सम्बद्ध व्यापारीकै सक्रियतामा धमाधम बिरुवा रोपण जारी छ । यस अभियानअन्तर्गत तलाउका डिल, मठमन्दिर परिसर, चौतारा नजिकका सार्वजनिक जग्गा, कार्यालय परिसर, धर्मशाला र विद्यालय क्षेत्रभित्र अभियानकैरुपमा बिरुवा रोपिएका छन् । नगरपालिकाका १२ वडा बस्तीका सबै सडक किनार, सार्वजनिकस्थल र धार्मिक महत्वका तलाउ नजिक सम्बद्ध वडा कार्यालयको संयोजनमा बिरुवा रोपण गरिने नगर कार्यपालिकाको स्वीकृत तालिका छ । नगरको मुख्य सडक क्षेत्र भिठ्ठामोर–जलेश्वर–जनकपुर सडकमा तीन वर्षअघि रोपिएका बिरुवा राम्ररी हुर्केका छन् । ती पहिले रोपिएका बिरुवाको पनि संरक्षणको जिम्मेवारी तत्कालीन समयमै दिइएको थियो । अहिलेको अभियानमा गोल्डमोर, रोयलपाम, बोतलपाम, रुद्राक्ष, चम्पा र चाँपपूmलसहितका बिरुवा रोपिँदैछन् । वर्षा ऋतुभित्र सबै वडाले १०÷१० हजार, नगरपालिकाले पाँच हजार बिरुवा रोपण गर्ने र तिनको संरक्षणको जिम्मेवारी स्पष्ट किटान गरिएको जनाइएको छ ।

# जिउँदो सहिद पटेलको अपाङ्ग भत्ता कार्ड

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. २८ बगही निवासी जिउँदो सहिद मन्सी पटेलको अपाङ्ग भत्ता कार्ड बनाइएको छ । वीरगंज महानगरपालिकाका उप-प्रमुख इम्तियाज आलम तथा वीरगंज महानगरपालिका कार्यपालिका सदस्य कनिका कौशिकको संयुक्त पहलमा पटेलको घरमै पुगी अपाङ्ग भत्ता कार्ड बनाइएको हो ।
पटेल २०७२ सालको मधेश जनआन्दोलनमा प्रहरीको गोली लागी पुणर् रुपमा अपाङ्ग भएका थिए । त्यस पश्चात उनलाई जिउँदो सहिद घोषणा गरिएको थियो ।
आन्दोलनमा सहिद भएकालाई मधेसी दलका गठबन्धनले सहिद परिवारलाई ५० लाख रुपैयाँ दिने निणर्य गरेको थियो तर मधेशी दलको दुई पटक सरकार बनेतापनि घोषणा गरिएको रकम सहिद परिवारलाई दिइएको छैन । प्रदेशमा मधेसी पार्टीको सरकार हुँदा पनि सहिदहरुलाई उपेक्षा गरिएको छ । कुनैपनि कार्यक्रम आरम्भ हुनु भन्दा पहिले मधेसी सहिदलाई आँखा चिम्लेर श्रद्धाञ्जली अर्पण गर्नुभन्दा पनि आँखा खोलेर यस्ता सहिदहरुको आधारभूत आवश्यकता पूरा गर्ने जिम्मेवारी मधेसी दलले लिनुपर्ने हो । महानगरपालिकाका उप-प्रमुख आलमले आफू सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । साथै पटेलले आवासको व्यवस्था गरिदिन सरकारसँग माग गरेका छन् ।

# धरौटी तिर्न नसकेपछि कारागार चलान

**मधेशदृष्टि**
**वीरगंज ।**
धरौटी तिर्न नसकेपछि एक जना मिटरब्याजीका अभियुक्त पुर्पक्षका लागि कारागार चलान भएका छन् । सप्तरीको राजविराज नगरपालिका वडा नं. ७ बस्ने हेम नारायण झा पुर्पक्षका लागि कारागार चलान भएका हुन् ।
मिटरब्याज लेनदेन सम्बन्धमा हरिनारायण रजक, मो.तजमुल मिँया, कौशल्या देवि समेतले जाहेरी दिएका थिए । झा विरुद्ध परेको ठगी तथा आपराधिक विश्वासघात मुद्दामा प्रहरीले अनुसन्धान पछि जिल्ला अदालतमा फाईलहरु पेस गरेको थियो ।
मिटरब्याजीका रुपमा परिचित उनलाई २५ लाख धरौटी तोकिएकोमा धरौटी तिर्न नसक्दा सप्तरी कारागारमा चलान गरिएको प्रहरीले जनाएको छ ।

# भन्सारमा कडाइपछि ग्रामीण नाकाबाट........

प्रहरीको संलग्नता देखिन्छ । पोकामा सामान ल्याउने महिलाको सामान खोसेर सशस्त्र प्रहरीले ठूलै तस्करी नियन्त्रण गरिरहेको देखाउन खोजे पनि सशस्त्र प्रहरीकै संलग्नता र संरक्षणमा व्यापक तस्करी भइरहेको छ । देखाउन त वीरगंज भन्सारमा मात्रै सशस्त्र प्रहरीले लछारपछार जस्ता कार्य गर्नुले घरायसी सामान किनेर ल्याउने सर्वसाधारणले सास्ती खेप्नु परेको छ । इनर्वा गाउँका महिलाले पनि सानोतिनो सामान ल्याउँदा सशस्त्र प्रहरीले लछारपछार गरी सामान खोस्ने गरेका छन् । सानोतिनो सामान ल्याइ आफ्नो दैनिकी जीवन चलाइरहेका गरिब, असहाय, एकल महिला प्रभावित बनेका छन् ।
दिनहुँ वीरगंज भन्सार कार्यालय अगाडि महिलाको समूह जम्मा हुने, सशस्त्र प्रहरीसँग विवाद गर्ने जस्ता कार्य गरिरहेको देख्न सकिन्छ । सशस्त्र प्रहरीको यो रवैयाबाट नेपाल भारत सीमा क्षेत्रका नेपाली महिला काम गर्न नपाएर दैनिकी जीवन चलाउन समेत समस्या भएको दुःखेसो पोखिरहेका छन् । दुईचार वटा लुगा ल्याएर दुई तीनसय रुपैया कमाएर बालबच्चा पाल्ने एकल महिला दिनहुँ भन्सार कार्यालय अगाडि रोएर बस्नुपर्ने अवस्था सिर्जना भएको छ ।

# मिटरब्याजसम्बन्धी ८१ मुद्दाको टुङ्गो

**रासस**
**राजविराज ।**
यहाँ निवेदन परेका मिटरब्याजसम्बन्धी ८१ वटाको निवेदन टुङ्गो लगाइएको छ ।
जिल्ला प्रशासन कार्यलयका अनुसार सप्तरीमा केही दिनयता दैनिकरूपमा छलफल चलाइरहेको अवस्थामा ८१ निवेदन फर्छ्योट भएको जनाएको छ । सप्तरी जिल्लामा मिटरब्याजसम्बन्धी एक हजार पाँच सय ७९ निवेदन परेको छ ।निवेदन उपर जिल्ला प्रशासन कार्यालयमा दैनिक छलफल भइरहेको प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले जानकारी दिए । उनले भने, 'अहिले दुई ठाउँमा राखेर छलफल भइरहेको छ, छिटोभन्दा छिटो मुद्दा टुङ्गियोस् भन्ने हाम्रो चाहना छ ।' उनका अनुसार मिटरब्याज पीडितले दिएको निवेदनका आधारमा पीडित र पीडकलाई बोलाएर छलफल गर्ने गरिएको छ ।पीडित र पीडकको तर्फबाट एक/एक, जिल्ला प्रशासन कार्यालयका एक जना र जिल्ला प्रहरी कार्यालयका एक जना राखेर छलफल चलाइएको प्रजिअ थापाले जानकारी दिनुभयो । आवश्यक पर्दा मालपोत, नापीका कर्मचारीलाई पनि छलफलमा सहभागी गराइने गरेको उनले बताए । उनका अनुसार अहिलेसम्म आठ सय तीन पटक छलफल भइसकेको छ । उहाँले निवेदन परेका मिटरब्याजसम्बन्धी मध्ये ८१ वटा निवेदन फर्छ्योट हुँदा चार करोड ७६ लाख पीडितले साहुलाई तिराएको छ ।दुई करोड ८८ लाख ४४ हजारको तमसुक च्यातिएको छ भने १२ बिघा १२ कठ्ठा १६ धुर जग्गा पीडितलाई फिर्ता भएको प्रजिअ थापाले जानकारी दिए ।

# मेयरको 'हैकमवाद'विरुद्ध..................

परिषद् नभएकोलगायतका विषयमा वडाध्यक्षहरुले तालाबन्दी गरेको बताए । वडाध्यक्ष यादवले भने, 'पत्र पठाए हामी वार्ता गर्न तयार छौँ ।' यता, पचरौताका मेयर जैसवारले भने, 'उहाँहरुले ३ महिनाअघि नै हामी वार्ता गरेर मागहरुबारे छलफल गर्न आउँछौँ भन्नु भएको थियो । किन वडा कार्यालयमा ताला लगाउनु भयो र खोल्नु भयो, केही थाहा भएको छैन, मसँग कुनै माग र आन्दोलनको जानकारी नै छैन ।' मेयर जैसवारले भने, '५० सदस्यीय कार्यपालिकामा जसपाका २७ जना रहेको दाबी त होला, तर ४ जना हामीतिरै हुनुहुन्छ ।'
मेयर जैसवारले भने, 'न आन्दोलन छ, न कुनै माग, जनताले सेवा पाइरहेका छन्, कुनै समस्या छैन ।' मधेशदृष्टि उनको निवास पुग्दा भने उनले भने, 'वडाध्यक्षहरु नै तालाबन्दीमा जानु दुर्भाग्य हो, किन उनीहरु बुझिरहेका छैनन् ?' उनले पचरौताको सबै वडा कार्यालयमा सेवाग्राहीलाई सेवा दिन प्रयास भइरहेको र गलत सूचना प्रवाह गरी बदनाम गराउन खोजेको आरोप लगाउँदै भने, 'पचरौताको बदनाम गराउन खोजिएको हो, विकासको काम भइरहेको छ, वडाध्यक्षहरुलाई बजेटको सिलिङ बनाएर पठाइएको छ ।' उनले भने, 'नगरपालिकाको काम द्रूत तरिकाले काम भइरहेको छ ।
केही वडामा अवरोध भइरहेको छ । ४ वटा वडामा अवरोध देखिएको हो । वडा नम्बर २ मा मुख्यमन्त्री सरोजकुमार यादवका भाञ्जा मनोज यादव वडाध्यक्ष छन्, वडामै आउँदैनन्, कलैया बसेर काम गर्छन् । यस्तै, वडाध्यक्ष रमेश यादवले सचिवलाई हाजिरीसमेत गर्न नदिएर हाजिरीकपी घर लगेका छन् । यस्तै, वडा नम्बर ५ मा लक्ष्मी यादव मेरै पार्टीका हुन्, अरुले असहयोग गरे पनि कुनै झडप नहोस् भनेर सहेर बसेका हौँ ।'
उनले मुख्यमन्त्री सरोजकुमार यादव, जसपाका अध्यक्ष उपेन्द्र यादवको क्षेत्र, उपराष्ट्रपति रामसहाय प्रसाद यादवको क्षेत्रमा जसपाका जनप्रतिनिधिहरुले नगरपालिकाको बदनाम गराउन खोजेको आरोप लगाए । उनले भने, 'स्माइलिङ फेसका साथ भनिरहेको छु, पचरौताको बदनाम गराउनेहरुलाई जनताले चिनेका छन् । कुनै समस्या छैन, सबै काम योजनाअनुसार भइरहेको छ । गरेका सबै काम कानुनीरुपमै गरेको छु ।' पचरौताका ९ वडामा चार वटा वडा जसपाले, चार वटा वडा एमालेले र एउटा वडा लोसपाले जितेको हो ।




## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभभ्का : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरूसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा वैवाहिक कार्यहरुमा सहभागी भईएला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरू बढ्लान् ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ।कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।

मधेशदृष्टि
वैभव

# ६३ अर्बका धनीको यो हालत !



हरिशंकर शर्मा

वीरगंज महानगरपालिका वडा नम्बर १४ मा छ वीरगंज चिनी कारखाना लिमिटेडको अस्पिपञ्जर । पर्सा मात्रै होइन, बारा, रौतहटसहित मधेशका अधिकांश जिल्लाका उखु किसानको आशाको केन्द्रविन्दु थियो कुनैबेला । कारखाना बन्द भएपछि पर्सासहित मधेश प्रदेशका अधिकांश जिल्लामा किसान उखु खेतीबाट पलायन भए । निजी क्षेत्रबाट सञ्चालित केही उद्योगले उखु किसानलाई प्रोत्साहन गरेर उखु खेती गर्न लगाए पनि गुलियो उखु लिएर बदलामा नुनिलो आँसु मात्रै दिएका खबर बर्सेनी आउँछन् ।

निजी चिनी कारखानाका लागि बारा, रौतहट, सर्लाहीलगायतका जिल्लामा किसान गुलियो रोपिरहेका हुन्छन् उखुमा नाममा । तर उखुखेती सन्तोषजनक रहेन । पर्साबाट त उखु किसान विस्थापित नै भए । अन्य जिल्लामा उखु किसान पैसा र परिश्रमको फल पाउन आन्दोलन गर्नुपर्ने नियती छ । चिनी कारखानाले वर्षौंदेखि उखु किसानको भुक्तानी दिन आलटाल गरिरहेका छन् । यो विषय राष्ट्रिय मुद्दा पनि बन्छ । किसानहरु चिनी कारखानालाई बेचेको उखुको पैसा पाउँ भन्दै रोइकराइ गरिरहेकै छन् । बेलाबखत काठमाडौँ गएर धर्ना दिएपछि उनीहरुको माग संसदमा उठाएर केही सांसदलाई बिजनेस पनि हुन्छ । तर ती मागहरुप्रति किसानले फेरि पाउँछन् उधारो आश्वासन मात्रै ।

वीरगंजस्थित चिनी कारखाना सञ्चालन हुँदा कुनै पनि किसानले पैसा नपाएको सुन्न पाइँदैन्थ्यो तर निजीकरणका नाममा जसरी चिनी कारखाना बन्द गरियो । त्यसले पर्साको मात्रै नभई नेपालकै बलियो आर्थिक धरोहर गुमायो । किसानमा अन्यौलता छायो । पछि किसानले उखुखेतीको विकल्प खोज्दै धान, गहुँ, मकै बालीमा जीवन अभ्यस्त बनाए । तर चिनी कारखाना किन बन्द गरियो ? यसबाट कसको स्वार्थ पूरा भयो ? सरकारले नै चाहेर बन्द गरेको हो अथवा उद्योगी व्यापारीको फाइदाका लागि बन्द गरियो ? यी प्रश्नहरु बन्द भए पनि प्रष्ट देखिने वीरगंज चिनी काराखाना जस्तै देशैभर सोधिने प्रश्न बनेको छ । वीरगंज चिनी कारखाना सञ्चालन हुँदा उत्पादित चिनीले नेपालभर धान्थ्यो र भारतमा पनि निर्यात हुन्थ्यो । अहिले जुन अनुपातमा भारतबाट चिनी आयात भइरहेको छ, यसले देशको अर्थतन्त्रमै असर पारेको छ ।



**इतिहास**

वि.स. २०२१ माघ १८ देखि तत्कालीन सोभियत संघको आर्थिक एवम् प्राविधिक सहयोगमा सञ्चालनमा आएको चिनी कारखाना २०५९ चैत ७ गते बन्द गरिएको हो । कारखानाले सुरुवाती चरणमा वार्षिक करिब ९० हजार क्विन्टल चिनी उत्पादन गर्थ्यो । २०३४ सालमा आधुनिक मेसिन जडान गरिएपछि एक लाख ३५ हजार क्विन्टलसम्म चिनी उत्पादन भयो । त्यसबेला पर्सा, बारा र रौतहटका करिब ५० प्रतिशत किसान उखु खेतीमा आवद्ध थिए ।

कारखाना सञ्चालनको ३३ वर्षसम्म कारखाना मुनाफामा थियो । २०४६ सालको राजनीतिक परिवर्तनसँगै कारखाना धरासायी बन्न थाल्यो । २०१९ सालमा पूर्ण सरकारी स्वामित्वमा स्थापित वीरगंज चिनी कारखाना २०५९ साल चैत ७ गते बन्द नै भयो । २० करोड रुपैयाँको लागतमा तत्कालीन सरकारले रुसबाट उपकरण ल्याई चिनी कारखाना सञ्चालनमा ल्याएको थियो । चिनी कारखाना सञ्चालन हुँदा तत्कालीन ज्ञानेन्द्र शाहको शासनकालमा २०५९ चैत ७ गते निजीकरण ऐनअन्तर्गत कारखाना खारेज भएको सूचना टाँस गरियो । र, त्यसयता चिनी कारखाना हालसम्म सञ्चालनमा आउन सकेको छैन । २०१५ सालमा स्व. राजा महेन्द्रले तत्कालीन मित्रराष्ट्र सोभियत संघसँग नेपालमा ठूलो चिनी कारखाना सञ्चालन गर्ने सम्झौता गरे । सम्झौताअनुसार २०१९ मा कारखाना शिलान्यास भयो । २०२१ साल माघ १८ गते चिनी उत्पादन गर्ने कार्य विधिवत सुरु भयो ।

चिनी उत्पादनका लागि चाहिने कच्चा पदार्थ स्वदेशमै पाइन्छ । वीरगंज चिनी कारखानाले १ लाख क्विन्टल उखु पेल्दा दैनिक १ हजार क्विन्टल चिनी उत्पादन हुन्थ्यो । कारखानाले २ हजार बढी कर्मचारीलाई प्रत्यक्ष रोजगारीसमेत दिएको थियो । चिनीले मुलुकका जनताको जीवन गुलियो र देशको अर्थतन्त्र बलियो बनाएको थियो । भारत र बंगलादेश जस्ता राष्ट्रमा वीरगंजको चिनी निर्यात हुने गरेको थियो । वीरगंज चिनी कारखाना स्थापनापश्चात पर्सा, बारा, रौतहट र सर्लाहीको हरिवनसम्मका हजारौं कृषकका परिवारको जीविकोपार्जन गर्ने बलियो माध्यम बनेको थियो । तर २०४६ सालको राजनीतिक परिवर्तनपछि कारखाना धरासायीको रेखामा उभिन थाल्यो । परिणामतः २०४८ सालमा ४ करोड रुपैयाँ राजस्व बुझाउने चिनी कारखाना २०५४ सम्म आइपुग्दा २९ लाख रुपैयाँमा खुम्चिन बाध्य भयो । ३९ वर्षको इतिहासमा सधैँ नाफामा रहेको वीरंगज चिनी कारखानाले घाटा व्यहोर्दै गएर २०५९ साल फागुन १६ गते मन्त्रिपरिषद्मार्फत नै खारेजीको सूचीमा दर्ज भयो ।

कारखाना सञ्चालनका सुरुवातमा २ हजार १ सय कर्मचारी कार्यरत रहेकामा बिस्तारै संख्या घट्दै १ हजार २ सयमा झरेर खारेज हुँदा ९ सय २४ मा सीमित थियो । कारखाना बन्दले केबल कर्मचारीको मात्रै बिचल्ली भएन, देशको अर्थतन्त्रमा नकारात्मक असरको नसा फुल्दै गयो । चिनी कारखाना र देशको अर्थतन्त्रै उस्तैसँग खण्डहरमा परिणत भयो । चिनी उत्पादनमा प्रयोग गरिएको ठूला हेभी मेसिन खिया लागेका छन् नेपाली राजनीतिक दलहरुको विश्वासमा खिया लागे झैँ । चिनी कारखाना जीर्ण र जर्जर भएको छ देशको शासनव्यवस्था जस्तै । यति मात्रै नभइ हाल चिनी कारखानाको प्रशासनिक भवन उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजको डेरा भएको छ । तर त्यही उद्योगमाथिको अन्याय कतै सम्बोधन हुँदैन ।

कारखानाभित्र रहेका रसियन कम्पनीका उपकरण कोही अपरेटर आएर स्विच दबाए चलौँला झैँ तयारी अवस्थामा छन् । केही मेसिनमा खिया लागेको छ । ठूल्ठूला उपकरण, मेसिन अहिले पनि सञ्चालन हुनसक्ने अवस्थामा छन् यद्यपि अहिलेको प्रविधिसँग स्पर्धा गर्न नसक्लान् । चिनी कारखनाको अस्तित्व समाप्त पार्न सरकारको गिद्धेदृष्टि नै दोष भएको अनुमान लगाउन सकिन्छ । कारखाना सञ्चालन गर्ने दृढसोच राख्ने हो भने सामान्य कसरतमा सञ्चालन हुनसक्ने अवस्था छ तर कारखाना सञ्चालन गर्नुभन्दा निजी कारखानालाई पालपोष गर्ने षड्यन्त्र र मन्त्रीहरुको प्रलोभनका कारण सरकारी चिनी कारखाना रद्दीको टोकरीमा फालिएको थोत्रो खाम झैँ बनेको छ ।

देशकै गौरवको आयोजनाका रुपमा रहेको वीरगंज चिनी कारखानाभित्र चिनी उत्पादन मात्रै हुन्थेन, सिजनका बेला विद्युत् समेत उत्पादन गरी वीरगंजमा वितरण हुन्थ्यो भन्ने अहिलेको पुस्तालाई थाहा नहुन पनि सक्छ । अहिले पनि यहाँका पावरहाउसबाट बिजुली उत्पादन हुनसक्ने अवस्था छ । कारखानाका मेसिन जस्ताको तस्तै छ, विद्युतको केबुल, अन्डरग्राउन्ड पाइप, गोदाम तथा मोटर मर्मत गर्नुपर्ने अवस्था छ, सरकारले चाहे प्राविधिक टिम पठाइ अनुगमन गरी मर्मत सम्भार गरेर सञ्चालन गर्न सकिन्छ तर सरकार कारखाना सञ्चालन गर्ने भन्दा सञ्चालनको गफ उद्योग चलाउने काममा यदत देखिनछ ।

सधैँ उद्योगमन्त्री निरीक्षण अवलोकनमा आउँछन् र निजी कारखानाका व्यवस्थापकसँग भेटघाट गर्छन्, आफ्नो हिस्सा बाँड्छन्, हवाईजहाजमा चढ्नेबित्तिकै चिनी कारखाना सञ्चालनको योजना बिर्सन्छन् । यो दुर्भाग्यपूर्ण देशमा यत्रो ठूलो सम्पत्ति धरायसी बनिरहेको छ । कारखाना सञ्चालनका लागि केही कर्मचारीले प्रयास पनि गरे, २०७६ सालमा ती कर्मचारीले सरकारसँग २ वर्षमा फर्काउने गरी ३२ करोड रुपैयाँ माग गरेका थिए तर सरकारले बजेट नदिएपछि उनीहरुले पनि निरासासहित बाटो तताए ।



नेपालमा जति सरकार परिवर्तन हुन्छन् र नवनियुक्त उद्योगमन्त्री एकपटक भए पनि वीरगंज चिनी कारखाना अवलोकन गर्न आउनु चाडपर्वको क्यालेन्डरजस्तै भएको छ । पटकपटक दर्जनौँ उद्योगमन्त्री कारखाना स्थलगत निरीक्षणमा आए तर सञ्चालनका लागि पहल भने पत्रकारसँग मात्र समाचारमा खपत हुनलाई गरे । अन्त कुरै उठाएनन् भन्दा अपराध हुँदैन । सबैले अवलोकन बखत आफूले जसरी पनि कारखाना सञ्चालनको ओठे प्रतिवद्धता गरे तर व्यवहारमा लागू भएन । त्यसो भन्नेबित्तिकै निजीक्षेत्रका उद्योगीले मन्त्रीलाई 'सुटकेस' थमाउँछन् भन्ने आरोप पनि छ ।

पर्साकै क्षेत्र नम्बर ४ का सांसद रमेश रिजाल वर्तमान उद्योगमन्त्री छन् । उनले बेलाबखत विभिन्न कार्यक्रममा बन्द उद्योग सञ्चालन गर्ने प्रतिबद्धता जनाउँदै आएका छन् तर त्यो प्रतिबद्धता व्यवहारमा लागु हुनसकेको छैन । उनले बन्द सरकारी उद्योग पुनःसञ्चालनका लागि सरकार लागेको नेपाल प्रेस युनियन पर्साको १० औँ अधिवेशन उद्घाटन समारोहमा पनि भनेका थिए । उनले भनेका थिए, 'बन्द वीरगंज चिनी कारखानासहितका सरकारी उद्योग पुनः चलाउन सरकारले गृहकार्य गरिरहेको छ । कुन मोडलमा चलाउनेबारे छलफल चलिरहेको छ ।' यस्ता छलफल कति भए ? कति भइरहन्छन् तर त्यो छलफल नै उद्योग हुन्छ, बन्द उद्योग चल्ने छाँटकाँट छैन ।

**सरकारी घोषणा कागजमै सीमित**

वीरगंज चिनी कारखाना पुनः सञ्चालनमा ल्याउन सरकारले गरेको घोषणा कागजमै सीमित रह्यो । अर्थमन्त्री जनार्दन शर्माले २०७९ जेठ १५ गते आर्थिक वर्ष २०७९/८० को बजेट भाषणमा वीरगंज चिनी कारखाना पुनः सञ्चालनमा ल्याउने उध्घोष गरेपछि मधेश र वीरगंजका व्यापारी र किसानमा आसाको दियो बल्यो । तर, त्यो घोषणामै सीमित रह्यो । राजनीतिक दलहरुले कारखाना सञ्चालन गर्ने चुनावी एजेण्डा धेरैपटक बनाए र भोट बटुले । कसैले सञ्चालनमा जोडबल गरेनन् । सधैँ मन्त्री परिवर्तन हुँदा कारखाना घुम्न आउने प्रचलनमा सीमित बन्यो ।



कारखाना बन्द भएको तीन वर्षसम्म केही मर्मत नगरी पुनः सञ्चालन हुनसक्ने अवस्थामा रहँदा बखत कारखानाका कर्मचारीले सञ्चालन गर्न मन्त्रालय धाउँदा बेवास्ता भएपछि २० वर्ष भयो कारखाना बन्द अवस्थामा छ । सञ्चालन हुँदाहुँदै कारखाना बन्द भएका कारण त्यसलाई पुनः सञ्चालन गर्न खासै बाधा थिएन, तर राज्यकै गैरजिम्मेवारीले चिनी कारखाना खण्डहरमा परिणत भयो ।

कारखाना पुन सञ्चालनका लागि थुप्रै प्रयास पनि भए, २०६४ सालमा उच्चस्तरीय कमिटीसमेत गठन गरी कारखाना अध्ययन गरी विभिन्न प्रस्ताव सरकालाई पेश गरियो । २०६८/६९ सालमा कारखाना नयाँ ढंगबाट सञ्चालन गर्न तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री अनिल झाले सञ्चालक समिति गठन गरे । सरकारलाई प्रतिवेदन पेश भयो । पटकपटक सरकारले वीरगंज चिनी कारखाना पुनःसञ्चालनका नाममा कार्यकर्तालाई केही चिनी चाट्ने अवसर मात्र दियो, थला परेको चिनी कारखाना चैं उठ्नै सकेन ।

**चिनी कारखानाको सम्पत्ति**

वीरगंज चिनी कारखानासँग सम्पत्ति नभएको पनि होइन, सदुपयोग मात्रै गर्न नजानेको हो, नसकेको हो । कारखाना सञ्चालनका लागि सरकारलाई खासै लगानी गर्नुपर्दैन, त्यसकै सम्पत्ति सदुपयोग गरेर सञ्चालन गर्न सकिन्छ तर त्यसतर्फ कसैको ध्यान पुग्नसकेको छैन । वा जानिजानी चिनी कारखानाभित्र बचेको भौतिक संरचना जीर्ण बनाउन खोजिएको हो ? यो प्रश्न पनि छ ।

चिनी कारखानाको शेयर लगानी कृषि विकास बैंकमा ४ सय २४ कित्ता, बुटवल धागो कारखानामा ८५ हजार कित्ता, नेपाल ल्युब आयलमा ९५ कित्ता, नेपाल कोलमा ५ हजार ७ सय कित्ता, आर्थिक सेवा केन्द्रमा २ हजार ५ सय कित्ता, श्रीराम सुगर मिल्समा ८५ हजार कित्ता, राष्ट्रिय बचत पत्र २०६० मा ३० लाख रुपैयाँ, नेपाल बैंक, मुद्दती खातामा २५ लाख रुपैयाँ छ । यसैगरी बारा, सिमरामा ८ सय ३२ बिघा जग्गा (३० अर्ब रुपैयाँ), कारखाना परिसर ५० बिघा १० कठ्ठा (२८ अर्ब रुपैयाँ), बहुअरीमा १४ बिघा १५ कठ्ठा (२५.६६ अर्ब रुपैयाँ), काठमाडौँमा ३.५ रोपनी (३.४ अर्ब रुपैयाँ) भवन ०.१५ अर्ब रुपैयाँ, प्लान्ट एवम् मेसिनरी ०.५० अर्ब रुपैयाँ गरि करिब ६२.४३ अर्बको सम्पत्ति छ । सम्पत्ति सदुपयोग गर्दै चिनी कारखाना सञ्चालन गर्न सकिनेमा शंका छैन, तर सरकारको सोच नै छैन ।

**आश्वासन एउटा, काम अर्कै**

किसानका लागि आर्थिक स्रोतको भरपर्दो कारखाना पुनः सञ्चालनका लागि किसान, राजनीतिक दल र नागरिक समाजले पहल गरिरहेका छन् । २०६३/६४ पछि बनेका मन्त्रिपरिषद्का प्रत्येक उद्योगमन्त्री वीरगंज आएका बेला चिनी कारखाना निरीक्षण गरेर पुनः सञ्चालन गर्ने आश्वासन दिने गरेका थिए । अनिल झा, अष्टलक्ष्मी शाक्य, महेश बस्नेत, मात्रिका प्रसाद यादवलगायत थुप्रै उद्योगमन्त्रीले स्थलगत निरीक्षण गरी आफ्नै कार्यकालमा कारखाना पुनःसञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएका थिए ।

यसका अलावा अर्थ मन्त्रालय, उद्योग मन्त्रालय र तत्कालीन सार्वजनिक संस्थान निर्देशन बोर्डले कारखाना सञ्चालनका लागि अध्ययन गरेर प्रतिवेदन बुझाएका छन् । सरकारले ती प्रतिवेदन थन्क्याएर जग्गा बिक्री गर्दै आएको छ । केन्द्रीय उखु उत्पादक सहकारी संघले कारखाना सञ्चालनका लागि पेस गरेको प्रस्तावमा तत्कालीन अर्थमन्त्री वर्षमान पुनले सहमति जनाएका थिए । उनले सहकारीमार्फत कारखाना सञ्चालनमा ल्याउने घोषणा गरे पनि कार्यान्वयन हुन सकेन ।

यहाँसम्म कि तत्कालीन पर्सा क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य बिमल श्रीवास्तवले सरकारले चिनी कारखाना र कृषि औजार कारखाना सञ्चालन गरे आफ्नो नाममा भएको घर सरकारको नाममा गरिदिने घोषणा समेत गरेका थिए । प्रतिनिधि सभामा बजेटमाथि छलफलमा भाग लिँदै तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का सांसद श्रीवास्तवले बजेटमार्फत सरकारले वीरगंज चिनी कारखाना र कृषि औजार कारखाना सञ्चालन गर्ने घोषणा गरेकामा स्वागत गर्दै भनेका थिए, 'यदि यो वर्ष वीरगंजमा कृषि औजार कारखाना र चिनी कारखाना सञ्चालन हुन्छ भने म त्यति सम्पन्न व्यक्ति त होइन, मसँग पैसा पनि छैन । तर यो सञ्चालन भयो भने मेरो एउटा घर छ, त्यो घर सरकारका नाममा गर्दिन्छु कि त्यो बेचेर त्यसवापत आएको एकडेढ करोड रुपैयाँ दिने आजको सभामा प्रतिज्ञा गर्दछु ।'

**कारखाना सञ्चालनका लागि पहल**

वीरगंज चिनी कारखाना सञ्चालन गर्न स्थानीयले पनि प्रयास नगरेका होइनन्, बेलाबखत चिनी कारखानाका कर्मचारीलगायत स्थानीयले संघर्ष समिति गठन गरी आन्दोलन गर्नुका साथै सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने कार्य गरेका थिए । तर त्यो कागजमै सीमित रहेको छ । चिनी कारखाना निजीकरण इकाइमा हालेर बन्द गरियो तर त्यसमा कार्यरत श्रमिकको कुनै किसिमको व्यवस्था नगरी बन्द गरियो । २०५९ सालमा बन्द भएपश्चात २०६० सालमा अवकाश खोलियो, तर अवकाश माग्दा सरकारले अवकास नदिई कर्मचारीलाई अन्यौलमा राख्यो । कारखाना सञ्चालनका बखत ७ सय ३१ कर्मचारी कार्यरत रहेकामा हालसम्म १ सय ९३ जनाले अवकाश पाएका छैनन्, त्यसमध्ये मानसिक तनावका कारण ८ जनाले ज्यान गुमाइसके र १ सय ८५ जना अवकाश पाउने पर्खाइमा छन् ।

कर्मचारीले चिनी कारखाना सञ्चालन गर्न प्रयास नगरेका होइन, संघीय सरकारदेखि प्रदेश सरकारसम्मको ढोका ढक्ढक्याउँदा कुनै किसिमको सुनुवाइ भएन । प्रदेश सरकारले संघीय सरकार र संघीय सरकारले प्रदेश सरकारलाई दोषारोपण गर्दै आइरहेको र उखु किसानको भविष्य अन्धकारमय बनाइएको छ ।

**कौडीको भाउमा ६ बिघा बिक्री**

सरकारले वीरगंज चिनी कारखाना लिमिटेडको ६ बिघा जग्गा बिक्री गरेको छ । २०७६ फागुन ५ गते मन्त्रिपरिषद् बैठकले वीरगंज महानगरपालिका वडा नम्बर १४ स्थित चिनी कारखानाको जग्गामध्ये ६ बिघा जग्गा बिक्री गर्ने निर्णय गरेको थियो । कारखानाको स्वामित्वमा रहेको किता नम्बर ११३१ को १० बिघा ६ कट्ठा ४ धुर जग्गामध्ये ६ बिघा जग्गा बिक्री गर्न स्वीकृति दिने मन्त्रिपरिषद्को निर्णय नम्बर ३ मा उल्लेख छ । किता नम्बर ११३१ को १२ बिघा ६ कठ्ठा ४ धुर जग्गामध्ये ६ बिघा जग्गा २०७१ मा सरकारले सशस्त्र सीमा सुरक्षा बलको कार्यालय स्थापनाका लागि दिएको थियो । त्यो कित्ताको बाँकी ६ बिघा ६ कठ्ठा ४ धुर जग्गा बिक्री गर्न २०७६ फागुन ५ गते मन्त्रिपरिषद्ले निर्णय गरेको थियो । मन्त्रिपरिषद्ले गरेको निर्णयअनुसार त्यसबखत ६ बिघा जग्गाको मूल्य प्रति धुर ३ लाख रुपैयाँका दरले ७२ करोड रुपैयाँ मूल्यांकन भएको थियो तर त्यसबखत नै चलनचलतीको मूल्य प्रतिधुर ८ लाख रुपैयाँ रहेकाले जग्गाको मूल्य करिब १ अर्ब ९२ करोड रुपैयाँ थियो ।

इतिहास

# अंग्रेजसामु नझुकेका राष्ट्रवादीको आततायी मृत्यु

*वर्षातको महिना रातभर पानीले भिज्दथ्यो, चोटले चिच्याउँथ्यो तर कसैलाई पनि जान दिइँदैनथ्यो । अन्त्यमा नवौँ दिन भीमसेन थापाको छट्पटाउँदा छट्पटाउदै मृत्यु भयो । देशका एक सच्चा सेवक जसले अंग्रेजसामु कहिल्यै झुक्न चाहेन, उसको दर्दनाक मृत्यु भयो । भनिन्छ, मृत्युपछि पनि लाश उठाउन तथा सद्गति गर्न दिइएन । लाशलाई कुकुर, स्याल र गिद्धले चिथोरेर खान दिइयो । निकै समयपछि एउटा हल्ला फैलियो, लाशमा टाउको र दाहिने हात थिएन । धेरै पछि केही व्यक्तिले बयान दिए, लाशको टाउको हगसनले लन्डन पुर्याएका थिए भने दाहिने हात चौतरिया फत्तेजङ्ग शाहले लगेका थिए ।*



• सुनिल उलक

थापाहरूको ऐतिहासिक उपस्थिति १२४६ मा डोटीको कांडामालिका राज्यको राजा कालु थापाबाट भएको देखिन्छ । पछि उनका जेठा छोरा पून्याखर पुलाचौर, म्याग्दीका राजा भए, माइला तारापति ताकम, म्याग्दीका राजा भए, साहिला विरू थापा रुकुमकोटका राजा भए, कान्छा जशोधर ज्यामरूककोट, म्याग्दीका राजा भए । यी राज्यहरूमा करिब तीनसय वर्ष राज्य गरेको देखिन्छ । यसपछि राज्यमा हारपछि विभिन्न स्थान गएर बसोबास गर्न थालेका थिए ।

थापामा गोदार थापा, बगाले थापा र पुँवर थापा प्रमुख मानिन्छ । कालु थापाकै वंशका वीरभद्र थापा गोरखामा पुगेको देखिन्छ । पृथ्वीनारायण शाहको भारदारका रूपमा रहेका वीरभद्र थापाका नाति भीमसेन थापाको जन्म गोरखाको बोर्लाङ, पिपल थोकमा १८३२ साउन ९ गते सानुकाजी अमरसिंह थापा र सत्यरूपा मायाको पहिलो सन्तानका रूपमा भएको थियो ।

मात्र १० वर्षको उमेरमा ब्रतबन्धका समय राजा रणबहादुर शाहसँग भेट हुदा मित्रता गाँसेका उनले पहिलोपटक १८५७ जेठ १७ गते राजासँग बनारस पुगे । उनकै साथ नेपाल फर्की  मन्त्रीका रूपमा मुख्तियार रणबहादुरका सल्लाहकार बने । पछि १८६२ फागुन १७ गते काजी बनाइए । १८६३ वैशाख १४ गते रणबहादुरको मृत्युपछि भीमसेन मुख्तियार बने । बडामहारानी त्रिपुरासुन्दरीले नायवी चलाउन थालिन् ।

**अंग्रेजहरूको कूटनीति**

१८२४ भदौ १३ गते जर्ज किनलकको नेतृत्वमा जयप्रकाश मल्ललाई सहयोग गर्ने बहानामा नेपाल छिरेका अंग्रेज, जयप्रकाश मल्लको असफलताका कारण चुपचाप बस्न बाध्य भयो । पृथ्वीनारायण शाहको राज्य एकीकरण अभियान असफल बनाउन चाहन्थे तर आफैँ असफल भए । मल्ल राजालाई फकाएर झण्डै पचास वर्ष काठमाडौँ, भक्तपुर र पाटनमा चर्च बनाएर बसेका इटालियन कपुचिन पादरीलाई पृथ्वीनारायण शाहले देश छोड्न लगाए । १८२५ मा बहादुर शाह देशबाट निस्कासित भएर बेतिया पुग्दा नेपालबाट निस्कासित फादर माइकल एन्जेलोसँग नजिक हुन पुगे । यसपछि १८२७ मा जेम्स लोगन आए । यसपटक सैन्य अभियान होइन, विशुद्ध व्यापारिक इच्छा बढाउन चाहेको देखाउन खोजे । यसपटक पनि असफलता हात लाग्यो । १८४० पुस २० गते  गभर्नर जनरल वारेन हेस्टिङले नेपालसँग मित्रता गाँस्न चाहेको पत्र पठाए । पत्रमा फक्सक्रफ्टलाई पठाउन चाहेको लेखे तर फक्सक्रफ्ट आउनुअघि नै उनलाई लागेको विभिन्न आक्षेपका कारण १८४१ माघ २८ गते ब्रिटेन फर्के । यता, देशमा सन्की राजा रणबहादुर शाहको शासनकाल थियो । उता, अंग्रेजको नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने अदम्य चाहना थियो ।

१८४६ को नेपाल र भोटको लडाइँमा चीन सरकारको मध्यस्थतामा टुङ्गिए पनि भोटले सन्धीअनुरूप कार्य नगर्दा १८४८ मा नेपालले पुनः भोटमा आक्रमण गर्यो । तर भोटलाई सहयोग गर्न चिनियाँ सेना आए । जसले नेपालले युद्धका लागि हातहतियार अंग्रेजसँग खरिद गर्ने मनसायस्वरूप १८४८ फागुन २२ गते अंग्रेजसँग व्यापारिक सन्धि गरे । तर अंग्रेजले चीनसँगको युद्धका लागि कुनै सहयोग गर्न चाहेन । चिनियाँ सेना जीतपुर फेदी आइपुगे । नेपाल १८४९ असोज २० गते चीनसँग बेत्रावती सन्धी गर्न बाध्य भयो । नेपालले अंग्रेजबाट कुनै सहयोग प्राप्त नभएपछि सन्धीको बेवास्ता गरे । जसका कारण गभर्नर लर्ड चाल्र्स कर्नवेलिसले १८४९ फागुन २३ गते कर्कपेट्रिकको नेतृत्वमा साम्युअल स्कट, विलियम हन्टर डगलस नक्स, जे जेराड, आडम फ्रिर र मौलवी अब्दुल कादिरलाई नेपाल पठाए । मात्र तीन हप्ता नेपाल बसेका कर्कपेट्रिकले नेपालको सम्पूर्ण जानकारी बटुले । पछि उनले पुस्तक पनि लेखे 'एकाउन्ट अफ किङ्गडम अफ नेपाल ।' यसरी नेपालमा अंग्रेजको प्रवेश सम्भव भयो ।

१८५७ को वैशाखमा रणबहादुर शाह, भीमसेन थापा, रघुनाथ पण्डित, बलभद्र शाह तथा गोरा पाण्डे तर्फका दलभञ्जन पाण्डेलाई साथ लिएर बनारस पुगेपछि अंग्रेजले चाहेको कुरा पूरा हुने लक्षण देखियो । त्यहाँ रहदा भीमसेनको सल्लाहमा अंग्रेजसँग सम्झौता गर्न खोजे । पहाडको ३७.५% तथा तराईको आधा कर अंग्रेज सरकारलाई बुझाउन तयार रहेको जनाउदै सत्ता पुनप्राप्तिका लागि सहयोग मागे । यता दामोदर पाण्डेले रणबहादुरसँग अंग्रेजले सम्झौता गरे देशले ठूलो क्षति व्यहोर्नु पर्छ भन्दै आफू सम्झौता गर्न चाहेको पत्र अंग्रेजलाई पठाए । त्यसपछि अंग्रेजले रणबहादुरको अनुरोध अस्वीकार गर्दै दामोदर पाण्डेको सरकारसँग १८५८ कात्तिक १२ गते सम्झौता गरी नेपालमा ब्रिटिस रेसिडेन्ट रहने व्यवस्था गर्यो । नेपालमा पहिलो ब्रिटिस रेसिडेन्टका रूपमा नक्सको नियुक्ति भयो । उनको एक वर्ष कार्यकालमा भारदारबीच आपसी कलह तथा विभिन्न कारणले नेपालमा रहेको ब्रिटिस रेसिडेन्टको कार्यालय बन्द गर्न लगाइयो । ब्रिटिसको सपना एकपटक फेरि तुहियो ।

अन्ततः भीमसेन थापाको कार्यकालमा अंग्रेजले विभिन्न बहानामा नेपालसँग १८७१ कात्तिक १८ गते युद्ध घोषणा गर्यो । युद्धमा नेपालको हार भयो । नेपाल १८७२ फागुन २३ गते सम्झौता गर्न बाध्य भयो । नेपालका तर्फबाट गजराज मिश्र र चन्द्रशेखर उपाध्याय तथा अंग्रेजका तर्फबाट प्यारिस ब्राडसले हस्ताक्षर गरे । सन्धीपश्चात नेपालले एक तिहाइ भूभाग गुमाउनु परेको थियो । सन्धी सफल गरेकामा गजराज मिश्रले अंग्रेज सरकारबाट सम्पत्ति पाए । बदनाम तथा बदनियतपूर्ण यस सन्धीलाई नेपालमा सुगौली सन्धी भनिन्छ । सन्धीपछि नेपालमा ब्रिटिस रेसिडेन्ट सदाका लागि रहन थाल्यो । केही समयका लागि अस्थायीरूपमा पिटर बोलेउ रहे भने पछि एडवार्ड गार्डनर आए । यसपछि ब्राइन हड्सन नेपालमा ब्रिटिस रेसिडेन्टका रूपमा बसे । हड्सनको भूमिका निकै विवादास्पद रह्यो ।

युद्धपछि धेरै गुमाएको परिचर्चा बारम्बार हुने गर्छ । तर त्यस्तो होइन, कसैको खोसेर ल्याएको सम्पत्ति फेरि खोसेर नै लगिएको हो । ती राज्य सयौँ वर्षदेखि हाम्रा थिएनन् । हामीले पनि कसैसँग युद्ध गरेर लिएका थियौँ । गर्व गर्नुपर्छ, हाम्रा हजारौँ वर्षदेखि कायम राज्य अंग्रेजले खोसेन । हाम्रा जे थिए, हामीसँग नै छ, जो हाम्रा थिएनन्, हामीबाट लगियो ।

१८१५ जेठ ४ गते अमरसिंह थापा र अक्टरलोनीबीच पश्चिम नेपालमा भएको समझदारी सन्धीपछि अंग्रेजले नेपाल सन्धी गर्न चाहन्छ भन्ने आँकलन गरी सन्धीको बुँदा तयार बनाउन थाल्यो । जसको कारण ६ महिनापछि ले.क. ब्राडशाका तर्फबाट १८७२ मंसिर १९ गते सन्धीको प्रस्तावित बुँदा पठायो र कडा शब्दमा १५ दिनभित्र सन्धि गर्ने अन्यथा काठमाडौँ आक्रमण गर्ने चेतावनी पठायो । तर, नेपाल सरकारले बेवास्ता गरेर बस्यो । सन्धीमा नेपाललाई केही कमजोर बनाइएको थियो । जसका कारण राजा गिर्वाणको छाप लगाइएको थिएन । नेपालभित्र निकै विरोधाभास भयो । सन्धीमा राजा गिर्वाणको छाप निकै समयसम्म लगाइएन । अन्त्यमा अंग्रेजले फेरि युद्धको चेतावनी दियो । यसबीच गजराज मिश्र भारत गइ नेपालले सन्धी नगर्ने युद्ध गर्ने घोषणा गरेको जानकारी गराए । माघ ३० गते अंग्रेज सेना फेरि अगाडि बढ्यो । यसरी बढेको सेना काठमाडौँ नजिक पुगेपछि नेपाल सरकार अत्तालियो । तुरुन्त राजाको लालमोहर लगाएको सन्धी पत्र बोकेर चन्द्रशेखर उपाध्याय हेटौँडा पुगे । तीन दिनसम्म जितेको चुरियासम्मको स्थान सीमा निर्धारण गर्ने जिद्दी गरे । अन्तत १८७२ फागुन २३ गते दिउँसो साढे दुई बजे अंग्रेज प्रतिनिधिलाई राजाको छाप तथा गजराज मिश्र तथा चन्दशेखर उपाध्यायबाट हस्ताक्षर भएको सन्धीपत्र बुझाए । यसरी सुगौली सन्धी नेपालले नचाहँदानचाहँदै बाध्य भएर स्वीकार्नु पर्ने अवस्था आयो । आज पत्रकार या इतिहासकारले जे लेखे पनि जे भने पनि सुगौली सन्धीले नेपालको अस्तित्व जोगाएको हो । यदि त्यो समय अडिग भएर सन्धी गर्न नचाहेको भए हामी नेपाली भनेर गर्वका साथ बाँचेका हुँदैनथ्यौँ । यो बाध्यता थियो, सन्धीले नेपालको अस्तित्व जोगाएको थियो । संस्कृतमा भनिन्छः

सर्वनाशे समुत्पन्ने ह्यर्धं त्यजति पण्डितः ।
अर्धेन कुरुते कार्यं सर्वनाशः सदुःसहः ॥

अर्थात् सबै गुमाउनु भन्दा आधा गुमाएर आधालाई राम्रोसँग सम्भाल्नु नै बुद्धिमानी हुन्छ । सबै गुमाउनु निकै दुःखदायी हुन्छ । यहाँसम्म अंग्रेजको षड्यन्त्रपूर्ण भूमिका उल्लेख गरेँ । अब नेपालको आन्तरिक अवस्थालाई बुझौँ ।

अढाइ वर्षको उमेरमा १८३४ मार्ग ३ गते राजा भएका रणबहादुर शाहको नायबी चलाउन राजमाता राजेन्द्रलक्ष्मी र बहादुर शाहबीच रस्साकसि भइरह्यो । हत्या र हिंसाको राजनीति सुरूबाट राजेन्द्रलक्ष्मीले १८४२ वैशाख १२ गते वंशराज पाण्डेको हत्याबाट शुभारम्भ गरिन् । १८४२ असार १ गते कास्कीलाई सहजै विजय गराइ नेपाल राज्यमा गाभ्न सहयोग गर्ने काजी स्वरूपसिंह कार्कीलाई पोखराको पहिलो वडाहाकिम बनाइएको थियो । उता राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई फर्पिङको जेलमा कैद गरिएको थियो । तर संयोगवश जेल राखिएको केबल १२ दिनमा अचानक १८४२ साउन २ गते राजेन्द्रलक्ष्मीको मृत्यु भएपछि उनी जेलबाट निस्किए । जेलबाट निस्किएपछि नायबी लिए । साथै, उनले आफ्ना दुश्मनको हत्या गरे । १८४२ साउन २४ गते काजी स्वरूपसिंह कार्की जो पोखराको पहिलो वडाहाकिमको रूपमा कार्यरत थिए, उनलाई कार्यकक्षमै बहादुर शाहले हत्या गराए । यसपछि बुबा पृथ्वीनारायणको सपना पूरा गर्दै बहादुर शाहले नेपालको सिमाना पूर्वमा सिक्किम र पश्चिममा कुमाउँ, गढवालसम्म पुर्याए ।



**भीमसेन थापाका केही महत्वपूर्ण कार्यः**

- क. मुख्तियार पदको व्यवस्था भयो । पछि माथवरसिंह थापाले प्रधानमन्त्री भनेर नामाकरण गराए ।
- ख. १८८१ मंसिरमा धरहरा बनाइ गजुर चढाए । १८८३ वैशाख ९ गते रानी ललित त्रिपुरासुन्दरीको नाममा अर्को धरहरा तयार गराएर गजुर चढाइएयो । पछि १९९० को भूकम्पले दुवै भत्के पनि रानी ललित त्रिपुरासुन्दरीको नामको धरहरा जीर्णोद्धार गरइएको थियो । तर नाम भने भीमसेन स्तम्भ भनेर नै चिन्न थालियो ।
- ग.  १८८१ फागुन २२ गते भक्तपुरको सिद्धपोखरी बन्यो ।
- घ. १८८२ मंसिर १० गते पोखरा पार्दीमा बाँध बाँधेर सिँचाई व्यवस्था भयो ।
- ङ. १८८२ फागुन १० गते सेनाको सुदृढीकरण गर्ने मनसायस्वरूप ब्यारेक व्यवस्थाको लालमोहर गराए ।
- च. १८८३ मा राहदानी व्यवस्था गराए ।
- छ. १८८५ फागुनमा सबैलाई सहज खानेपानी व्यवस्था गराउन सुन्धारा बनाइदिए ।
- ज. १८८५ जेठमा काठमाडौँ र पाटन जोड्ने बागमती पुल बनाए ।
- झ. १८८७ मा जैशीहरूमा चल्दै आएको मामाकी छोरी विवाहमा बन्देज लगाए ।
- ञ.  १८८८ पुस १५ गते नेवार जातिको विभिन्न काममा राखिने दस्तुर तथा सामग्री तोकिदिए ।
- ट. सेनामा कर्णेल तथा कप्तानका रूपमा व्यवस्था गराए ।
- ठ. ८९३ मा अनिकाल पर्दा अन्न व्यवस्था मिलाए ।

रणबहादुरको उमेर पुगेपछि रणबहादुरले बहादुर शाहको नायवी हटाइ स्वयम् राजकाज चलाउन थाले । त्यसपछि बहादुर शाहविरुद्ध दरबारभित्र षड्यन्त्र सुरू भयो । विरोधीको सल्लाहमा लागेर रणबहादुर शाहले बहादुर शाहलाई जेल हाले, जेलमा हस्ताक्षर गर्न नमानेका उनलाई नोलले पिटेर घाइते बनाइयो, चोटको पिडाले १८५४ असार २४ गते पशुपतिमा उनको मृत्यु भयो । यहीबीच रणबहादुर तिरहुते विधवी कान्तिवतीको प्रेममा फसेर उनबाट जन्मेको छोरालाई राजा बनाउने मञ्जुरीमा विवाह गरे । अन्तत १८५५ फागुन २८ गते बालक छोरालाई राजगद्दी सुम्पेर राजराजेश्वरीलाई नायवी चलाउन लगाए । आफू स्वामी निर्गुणानन्द बने । तर, क्षयरोगबाट कान्तिवतीको मृत्यु भएपछि रणबहादुर बौलाए, निकै गलत कार्य गरे । मठमन्दिर तोडफोड गरे, मूर्तिमा दिशा लगाए, ब्राम्हण पण्डितको अनादर गरे । यसरी बहुलाएका रणबहादुरले राजकाजमा हस्तक्षेप गर्न थाले । अन्ततः सेनाले पनि साथ नदिएपछि भीमसेन थापालाई साथ लिई बनारस गए । रानी राजराजेश्वरी पनि साथ बनारस लागे । बनारस बस्दा पनि भीमसेनको सहयोगले षड्यन्त्र गर्न थाले । पाण्डेको कारणले निर्वासित हुनुपरेको चोटले पाण्डेविरूद्ध विभिन्न षड्यन्त्र गरे । १८५६ पछि सुवर्णप्रभाले नायवी चलाए । यता नेपाल सरकार बाध्य भएर अंग्रेजसँग हात मिलाउन पुग्यो र १८५८ को सन्धि भयो ।

१८५९ चैत ८ गते ब्रिटिस रेसिडेन्ट नक्स पनि निकालिए । यसको लगत्तै ब्रिटिस सरकारले नेपालसँग भएको सन्धी खारेज भएको घोषणा गरे । उता, खर्च नपुग हुन थालेपछि रणबहादुरलाई कठिन भयो । अंग्रेज सरकारले रणबहादुरलाई नेपाल फर्कन बाध्य बनाए । रणबहादुर फर्कन लागेको चाल पाएपछि उनलाई रोक्न पठाएको सबै सैनिकले उल्टो रणबहादुरलाई नै साथ दिए । सेनाद्वारा दामोदर पाण्डे समातिए । फेरि राजकाजको बागडोर रणबहादुरको हातमा पुग्यो ।

१८६० फागुन २१ गते गिर्वाणको नायवीमा रणबहादुरले फेरि शासन गर्न थाले । भीमसेन थापा काजी बनाइए, उनका भाइभतिजा, आफन्त सबैले सरकारी खानगी–वानगी पाए, भीमसेन सर्वेसर्वा भए । यसपछि हत्याहिंसा शुभारम्भ भयो । एउटा सन्की राजाका कारण भीमसेन थापा काजी बने, सत्ताको नजिक पुगे ।

१८६० चैत ३ गते दामोदर पाण्डे र उनका छोरा रणकेशर काटिए । काटिनुअघि दामोदर पाण्डेलाई १२ दिनसम्म घाँटीमा पाङ्ग्रो बाँधेर उभ्याइएको थियो । शंखधर सिंहलाई घाँटीसम्म गाडेर टाउकोमा खोटो लगाएर आगो सल्काइ मारियो । भीम खत्रीका छोरालाई हातखुट्टा बाँधेर दहमा मिल्काइ मारे, अर्कोलाई तीनदिन रूखमा उल्टो लट्काइ चौथो दिन काटियो । बाह्रजना सुसारेलाई लहरै उभ्याइ उनकै सामुन्ने पति काटिए ।

काजीको पद पाएपछि राजपरिवारसँग सम्बन्ध गाँस्ने उद्धेश्यले १८६१ चैतमा भीमसेन थापाले आफ्ना भाइ नैनसिंह थापाको केबल ११ वर्षको छोरी त्रिपुरासुन्दरीको विवाह रणबहादुरका साथ गराए । यसपछि १८६२ फागुन १७ गते रणबहादुरबाट भीमसेन थापाले मुख्तियारी पाए । यसको दुई महिनापछि १८६३ वैशाख १४ गते राति ९ बजे काजी त्रिभुवन खवासको घरमा छलफलको आयोजना गरियो । शेरबहादुर शाही र काजी त्रिभुवन खवासमाथि विभिन्न आरोप लगाइयो । रिसले अत्तालिएका शेरबहादुरले आवेशमा रणबहादुरलाई तरबारले काटे । तत्कालै सँगै बसेका बालनरसिंहले शेरबहादुरलाई काटे । यसको भोलिपल्ट विदुर शाही, त्रिभुवन खवास तथा नरसिंह गुरूङ काटिए । तेस्रो दिन १५ जना भारदार काटिए । हेलम्बु पठाइएका रानी राजराजेश्वरीलाई ल्याएर नवौँ दिन जबर्जस्ती १४ जना सुसारेका साथ सबैलाई सती जान बाध्य बनाइयो । सबै गरेर ९३ जनाको हत्या भएको यस भण्डारखाल आमहत्यापछि भीमसेन थापा सर्वेसर्वा बने । भतिजी त्रिपुरासुन्दरी ललिता त्रिपुरासुन्दरीको नाममा नायवी बने । यसरी भीमसेन थापाको उदय भयो ।

**भीमसेन थापाको अन्त्य**

हामी गर्व गर्छौँ सदा सार्वभौमसत्तासम्पन्न राज्यका बासिन्दा हौँ । तर हामीलाई बारम्बार यहाँका शासक तथा प्रधानमन्त्रीले लजास्पद बनाउने गर्छन् । हामी कसैको दासको आभास गर्नु परेको पनि छ । यति मात्र होइन, हामीकहाँ इतिहासकार हुँ भनेर इतिहास लेख्नेले पनि दास प्रवृत्ति देखाउने गर्दछन् । एन्जिओ तथा आइएन्जिओ तथा विभिन्न राजदुतावासबाट प्राप्त रकमले इतिहास लेख्छन् र नेपालका महान सपुत युगपुरूषलाई गाली गर्छन् । एकलाई माथि उठाउन अर्कोलाई निकै तल झार्छन् । यसर्थ, लाग्दैन नेपालका इतिहासकार निष्कलंकित छन् । यहीक्रममा भीमसेन थापालाई पनि तल्लोस्तरमा तुलना गर्ने इतिहासकारहरू छन् । काजी भीम मल्लकी रानीले आफ्ना पतिले राज्य विस्तार गरी कुतीसम्म पुर्याएर खुशीको खबर दरबारमा सुनाउन आउँदा दरबारको ढोकामा नै काटिएका थिए । पतिको मृत्युपछि सती जाने बेलामा सरापेकी थिइन्, 'यो राज्यमा विवेक नरहोस् ।' आजसम्म पनि देशको अवस्था त्यस्तै छ, देशमा केवल शासकको मात्र होइन, जनताको पनि विवेक छैन ।

सुगौली सन्धीपछि एकपटक फेरि अंग्रेजहरू नेपालमा सल्बलाउन थाले । दामोदर पाण्डेको अंग्रेजसँगको व्यापारिक सन्धीपछि पहिलोपटक १८५८ मा अंग्रेजले काठमाडौँमा ब्रिटिस रेसिडेन्ट राख्ने अवसर पाए । विलियम हन्टर डगलस नक्स नेपाल आए, तर नेपाल सरकारले राम्रो साथ दिएन, भोटसँग व्यापारको कुटनीति पनि सफल भएन । बनारसमा रणबहादुरलाई सहयोग गरेको बहानामा १७ महिनामै नेपालबाट निकालेर पठाए । यसपछि नेपाल छिर्न नपाएको अंग्रेज सुगौली सन्धीपछि खुशीले रेसिडेन्ट राख्न आइपुग्यो । सुगौली सन्धीको तयारी गरिरहँदा नै गजराज मिश्रलाई अक्टरलोनीले भनेका थिए, 'सम्झौतामा कुनै पनि बुँदामा विचार गर्न सकिन्छ तर रेसिडेन्टको विषयमा कुनै प्रश्नचिन्ह राख्न पाइँदैन ।' अंग्रेजको मूल उद्देश्य रेसिडेन्टबाट नै देशको स्वतन्त्रतामा खलल पुर्याउन सकिन्छ भन्ने मान्यता थियो । सुगौली सन्धीपछि रेसिडेन्टका रूपमा एडवार्ड गार्डनरको नियुक्ति भयो तर उनी समयमा आउन सकेनन् । जसले गर्दा केही समय अस्थायी रूपमा रेसिडेन्टको रूपमा जोन पिटर बोलिउ बसे भने त्यसको केही समयमा नै एडवार्ड गार्डनर आए । जसले नेपालमा १३ वर्ष बिताए, तर भीमसेन थापाले ब्रिटिस रेसिडेन्टलाई त्यति स्वतन्त्रता दिएका थिएनन् । रेसिडेन्टले मुख्तियार भन्दा अन्यसँग भेट्न पाउँदैनथ्यो । तसर्थ जति षड्यन्त्रको चाहना बोकेका थिए । त्यो पूरा हुन दिइएन, त्यसैले उनीहरू भीमसेन थापालाई नै सत्ताबाट हटाउने षड्यन्त्रमा लागे । १८८२ मा सहायक रेसिडेन्टको रूपमा काठमाडौँ छिरेका हगसन १८८६ मा गार्डनरको बिदाइपछि रेसिडेन्ट भए ।

तर अंग्रेजलाई त्यसपछि पनि भीमसेन थापाले हस्तक्षेप गर्न दिएनन् । गार्डनर केही नरम भए पनि हगसन केही कठोर थिए, तसर्थ दरबार नजिक हुने कोसिस थालिहाले । भीमसेन थापाका दुश्मन दामोदर पाण्डेका छोरा रणजित पाण्डेको नजिक हुन कोसिस गरे । हगसनको एउटै कोसिस भीमसेनलाई सत्ताबाट कसरी हटाउन सकिन्छ भनेर लागे ।

हगसन निकै पढेलेखेका थिए । नेपालको संस्कृति एवम् संस्कृतका पुस्तकको निकै अध्ययन तथा संकलन गर्दथे । उनले नेपालको पशुपंछी, वनस्पति तथा संस्कृतिको अध्ययनका साथ नेपालीको आनीबानीको पनि अध्ययन गर्न सक्षम भए । तर दरबारमा नायवी रानी ललित त्रिपुरासुन्दरी भीमसेनका भतिजी थिए । यसर्थ भीमसेन दरबारबाट ढुक्क थिए । तर, राजेन्द्रका रानीहरू जो १८८० माघ २५ गते गोरखपुरबाट विवाह गरी पसेका थिए, सुरूमा त मात्र १० वर्षका थिए, उनीहरूलाई राजकाजसँग कुनै चासो रहेन तर पछि विस्तारै राजकाजमा चासो लिन थाले । १८८८ चैत्र २७ गते अचानक रानी ललित त्रिपुरासुन्दरीको मृत्युपछि अंग्रेज र पाण्डेहरुले छिट्टै दरबारलाई आफ्नो प्रभावमा पार्न सफल भए । विस्तारै रानीहरूको राजनीतिमा रूचि बढ्यो, जसले गर्दा अंग्रेजको चाहना पूरा हुन थाल्यो । रानीसँगै रेसिडेन्ट पनि सल्बलाउन थाले । भीमसेन थापालाई हटाउन तीन शक्ति लागे । रेसिडेन्ट, पाण्डे तथा जेठी महारानी साम्राज्य लक्ष्मी तीनै शक्ति थापाविरूद्ध थिए । यस्तैमा अचानक १८९४ साउन गते पजनीको बहानामा भीमसेन थापाको सेना प्रमुखको पद खोसियो । अब केवल मुख्तियार मात्र रहे । १८९४ को साउन ११ गते युवराज देवेन्द्रको मृत्युलाई भीमसेनले विष खुवाएको आरोप लाग्यो । यसपछि भीमसेनको पतन सुरू भयो । उनलाई सर्वश्वसहित नेल र हतकडी लगाएर जेलमा राखियो । ३१ वर्षसम्म अनवरत देशको सेवा गरेका भीमसेन केबल शंकाका भरमा जेलनेल तथा सर्वश्वमा परे । विद्रोही सफल भएकामा खुशी हुन थाले र मुख्तियारका रूपमा रणजङ्ग पाण्डे बनाइयो । तर अनुभवहीन रणजङ्गलाई भारदारहरूले सहयोग नगरेपछि तीन महिनामा नै निस्कासित गरिए र उनको स्थानमा राजगुरू पं. रङ्गनाथ पौड्याललाई मुख्तियार बनाइयो ।

अन्ततः १८९४ को अन्त्यमा भीमसेन थापामाथि लागेको आरोप फिर्ता भयो । पुरानो घर बोर्लाङ जाने अनुमति पाएपछि भीमसेन थापा गोरखा फर्के । यता, राजनीतिमा फेरि चलखेल सुरू भयो । १८९५ को असोजमा साम्राज्ञलक्ष्मीका विश्वासपात्र रणजङ्ग फेरि एकचोटी मुख्तियार बन्न सफल भए । १८९६ को वैशाखमा भीमसेन थापालाई काठमाडौँ बोलाइयो । राजा राजेन्द्रका सल्लाहकार बने । रानी साम्राज्ञलक्ष्मीबाट असारमा फेरि उनीमाथिको आरोप उल्टाइयो र फेरि नजरबन्दमा राखियो ।

भीमसेन थापामाथि मानसिक दबाब यस्तो बनाइयो कि उनको मन टुट्यो । नजरबन्दमा रहेका उनलाई गलत समाचार सुनाइयो, 'उनको दुई पत्नीलाई नाङ्गो बनाएर बजार घुमाइँदैछ ।' यो खबरले उनको मन टुट्यो, यस्तो सुन्नुअघि किन मेरो मृत्यु भएन भन्दै १८९६ सावन ८ गते आफ्नै दरबारको एक कोठामा झ्यालको शिशा फुटालेर त्यही शिशाले गला काटे । चोटले छटपटाएका उनको मृत्यु भएन । यो खबर छिट्टै दरबार पुग्यो । राजा राजेन्द्र र रानी साम्राज्ञलक्ष्मीले भीमसेनलाई घिसारेर बिष्णुमती लैजान लगाए । उपचारको सट्टा उनको शरीर घिसार्दै बिष्णुमती किनारमा फ्याँकियो । जहाँ अहिले भीममुक्तेश्वर मन्दिर छ, त्यही कालिमाटीनजिक । केही आठपहरियालाई नजिक जान नदिने उर्दी लगाइयो ।

***वर्षातको महिना रातभर पानीले भिज्दथ्यो, चोटले चिच्याउँथ्यो तर कसैलाई पनि जान दिइँदैनथ्यो । अन्त्यमा नवौँ दिन भीमसेन थापाको छट्पटाउँदा छट्पटाउदै मृत्यु भयो । देशका एक सच्चा सेवक जसले अंग्रेजसामु कहिल्यै झुक्न चाहेन, उसको दर्दनाक मृत्यु भयो । भनिन्छ, मृत्युपछि पनि लाश उठाउन तथा सद्गति गर्न दिइएन । लाशलाई कुकुर, स्याल र गिद्धले चिथोरेर खान दिइयो । निकै समयपछि एउटा हल्ला फैलियो, लाशमा टाउको र दाहिने हात थिएन । धेरै पछि केही व्यक्तिले बयान दिए, लाशको टाउको हगसनले लन्डन पुर्याएका थिए भने दाहिने हात चौतरिया फत्तेजङ्ग शाहले लगेका थिए ।***

यसरी एक देशभक्तको अन्त्य भयो । भीमसेनको अन्त्यले केही राजनीतिक दाउपेचको सुरूवात भयो । देशका लागि दुर्भाग्य सुरू भयो । अंग्रेजले हस्तक्षेप गर्न थाले । दुई रानीमा जेठी रानी साम्राज्ञलक्ष्मीको छिट्टै निधन भयो, कान्छी रानी राज्यलक्ष्मी देवीको आधिपत्य सुरू भयो । हरेक कुरामा अंग्रेजको हस्तक्षेप हुन थाल्यो । जसले गर्दा कोतपर्व भयो र जङ्गबहादुरको उदय भयो । देशले केबल आठ वर्षको अन्तरालमा पाँच मुख्तियारको आठ कार्यकाल पायो ।

आज, केही इतिहासकार उनको अन्त्यलाई उनको आफ्नै कर्तुतले गर्दा भएको भन्छन् । राजनीतिकर्मीहरू एक अर्काको गल्ती खोज्दै हिँड्छन् । तर, सच्चा जनता उनको योगदान सम्झने गर्छन् । पृथ्वीनारायणले एकीकरणक्रममा कति हत्या गरे भनेर होइन हामी उनले नेपाल भन्ने सिङ्गो राज्य बनाएकोमा मान्दछौँ, अहिले देशमा माओवादीले द्वन्दकालमा कति मारे भन्नु भन्दा देशको राजनीतिमा साथ लागेर शान्ति ल्याएकामा सन्तुष्टि मान्छौँ । सधैँ उसको गल्तीमात्र औँल्याउन थाल्यो भने फेरि देश द्वन्द्वकालमा फर्केर जान्छ । तसर्थ, भीमसेनको मुख्तियारी कालमा देशले के के पायो भन्ने महत्वपूर्ण छ । उसको कारणले मृत्यु भएका केही व्यक्तिलाई सम्झनु भन्दा उनको योगदान सम्झनु पर्छ । त्यो बेलाको राजनीति हत्याको राजनीति थियो । एकलाई माथि पुग्न अर्कोको हत्या गर्ने अवस्था थियो । कसले कति मारे होइन कसले देशको लागि के दिए भनेर उनको योगदानको कदर गर्न सक्नुपर्छ । इतिहास कसैको दबाब वा समर्थनमा होइन सत्यता बोकेको हुनुपर्छ ।

कथा

# परिवर्तन



● रामभरोस कापड़ि 'भ्रमर'

भानु चौकको साइकल पसलतलको चियाको गुमती । खाली बेन्चमा कहिलेकाहीं बसिहाल्छु र साथीहरूसँगै बिनाचिनीको चिया पिउने अभ्यास गरिरहेको हुन्छु । तर आजको अवस्था केही बेग्लै छ । भानु चोककै पुरानो बासिन्दा रघुवर चौधरी, जो मेरो मन मिल्ने साथी पनि हो, मलाई जबरजस्ती बेन्चमा तानेर बसाउँछन् र चियाको अर्डर दिँदै प्रस्टाउन छोडेनन्– बिना चिनीको स्पेसल चिया ।

त्यसो त चियावाला छौड़ाले मलाई चिनिसकेको छ । साथीले नभनेको भएपनि त्यो◌े बिनाचिनीकै बनाउँथ्यो, बरु स्पेसल बनाउँथ्यो कि के गर्दथ्यो थाहा छैन । अब त लाग्छ बस्नु नै पर्ला र म साथीसँगै स्थिरले बस्न पुग्छु । स्थिरले यो मानेमा कि मलाई थाहा छ एक घन्टाभन्दा कममा अब मलाई फुर्सत हुँदैन । देश, दुनियाँका कुरा, नगरको काम, धाम, रोड–नालाको अवस्था, राजनीतिक पार्टीको दुरवस्था र अरू अरू कति हो कति ।

कतिको विषयमा जिज्ञासा र उत्तर स्वयं दिन थाल्छन् र मलाई हँ मा हँ भन्नु बाहेक अर्का◌े विकल्प देखिंदैन । उत्तर दिऊँ त फेरि प्रति प्रश्न हुनेछ र कुराकानी अझ लामो हुँदै जाने छ । त्यसैले मन स्थिर गरेर बगलमा बसिरहन्छु र केही बोल्छन् कि भनेर प्रतीक्षा गर्न थाल्दछु ।

जब आवाज केही बेरसम्म आएन तब म बन्धुवर रघुवीरको मुखतिर हेर्न थाल्दछु । आश्चर्य लाग्छ – आज किन यसरी गुम्म भएर बसेका छन् । मलाई बसाउँदा त निकैÞ आवेशसाथ ल्याएका थिए । फेरि एकाएक के भयो ! मलाई पनि कुत्कुती लाग्न थाल्यो उनको रूपरङ देखेर ।

सोधें–बन्धु, यसरी एकाएक किन चुप्पी साध्नुभो◌े ? उनी पनि मेरो मुखतिर कपाल मिलाउँदै हेर्छन् । फेरि दुवै ओठ मुखभित्र लग्दै केही सोच्न थाल्दछन् । तर केही बोल्दैनन् ।

म फेरि सोध्छु–भाइ, यसरी चुप्पीको के अर्थ ? म त आज मज्जाले बसेको छु । भेट पनि त बहुतै दिनमा भएको छनि ! एकातर्फ मै मात्र एकोहोरो बोलिरहेको हुन्छु । उनी अहिले पनि चुप छन् । अब मेरो मनमा कतै न कतै डर पस्न थाल्दछ । लाग्छ–कतै कुनै पीड़ादायक घटना भएको छ, जो उनी भन्न चाहेका छैनन् वा सकिरहेका छैनन् ।

उनी◌े आफूलाई सहज बनाउने प्रयास गर्दछन् । चियावालासँग एक गिलास पानी माग्दछन् । छौड़ा सिसाको गिलासलाई गर्म पानीले सफा गरेर एक गिलास पानी दिन्छ । उनी एक्कै सासमा पानी खान्छन् । जीउ अलि हलुको भए जस्तो देखिन्छ । म तिर एकचोटि गहिं◌िएर हेर्छन् । बेन्चमा अलिक पछाडि हट्छन् र दुवै खुट्टालाई समेटी पलेटी मारेर बेन्चमा बस्छन् ।

उनी◌े आपूmलाई समाल्दै भन्छन्–भाइ, म त अनाथ भएँ...। उनी म सँग बढी समय हिन्दीमै कुरा गर्न रुचाउँछन् । मलाई पनि बेग्लै स्वादको बोलीबोल्न निकै रमाइलो लाग्दछ । त्यसैले उत्तर हिन्दी मै दिने गर्दछु । तर आज हिन्दी बोल्ने मुड छैन । त्यस्तो के भा छ र...। –मेरो शब्दमा जिज्ञासा, उत्सुकता, आश्चर्य र केही पनि बुझ्न नसक्नेको मिश्रित रूप थियो । उनी◌े सत्तरी भन्दा माथि उक्लिसकेका छन् । शाखा सन्तान, बन्द व्यापारमा लागि सकेका छन् । आफू घरमै पत्नीका साथ बस्छन् । धार्मिक अनुष्ठानहरूमा अगुवा बन्नु उनको रुचिको विषय रहेको छ । समाजसेवीको रूपमा लोकमा पहिचान बनेको छ । त्यस्तोमा यो अनाथ हुने कुरा मलाई पचेन । त्यसैले म फेरि सोध्छु –यो अनाथ हुने कुरा बुझिनँ ?

'क्या कहें पत्नी छोडकर चली गयी । छ महिने हो गया उनका संस्कार किए हुए ।' –उनको गला अवरुद्ध हुन पुग्दछ । अब मेरो जीउमा एक्कैचोटि जसरी कुनै गाह्रो वस्तु कसैले खन्याइ दिएको महसुस हुन्छ । भित्रैसम्म प्रकम्पित भएँ म..। अर्थात् रघुवीरकी पत्नी स्वर्गवासी भइसकेकी रहेछिन् । हरे, यो के भएको, मलाई त अहिलेसम्म कुनै जानकारी भएन ! फेरि आफैं घोत्लिन पुग्छु –जहिलेदेखि काठमाण्डू जानु परेको छ, त्यस बेलादेखि जनकपुर म आएछु पनि त कति दिनको लागि ! मीत, साथीहरूसँग भेटघाट पनि त दुर्लभै हुनगएको छ । आप्mनो घरदेखि रेलवे स्टेसन र त्यहाँबाट शिव चौक । कथंकदाचित मित्रहरूसँग बैसार हुनपुग्यो भने त शिवचौकको छपरियाको मुरही, कचरी, लिट्टी र धुधुनीबाला पसल, बस ! र भाइ रघुवीरसँग साँच्चीकै सात–आठ महिनापछि भेट भएको हो र जब भयो पनि त यस्तै पीड़ावाला गफ । चियावाला कति खेर चिया बनाएर बेन्चमा राखेर गए कुन ख्यालै भएन । ध्यान तब भङ्ग भयो जब चियावाला केटाले ताकेता गरे–हजुर, चियाचिसो हुन लाग्यो !

तन्द्राभङ्ग हुन्छ । चिया हातमा लिँदै रघुवीर भाइलाई पनि लिन इसारा गर्दछु । उनी पनि कप उठाउँछन् ।

यो कसरी भयो बन्धु ! भौजी त ठीकैठाक हुनुहुन्थ्यो होइन ? बरु तपाईं नै त्यति बेला बेठीक हुनुहुन्थ्यो ।'– यस्तो समयमा पनि म रघुवीरलाई जिस्काउने प्रयास गर्दछु ।

"म पनि भौंचक्क रहि गएं । एकाएक दर्द उठ्यो, डाक्टर कहां लगें, जहां डा. ले मृत घोषित गरिदियो । छन मै छनाक हुन पुग्यो । मेरे दुनियां नै उजाड़ भयो । म डायबिटीजको मरीज हुं । हर्टको पनि हल्का प्रोब्लम छ । थायराइड छ । अब त न पथ परहेज हुन पाइरहेको छ न समयमा डाक्टरले भने अनुसार खाना–नाश्ता । केगरूं । म त साँच्चीकै अनाथ भइसकें भाइ ! आफ्नै घर मलाई खान तम्सिएको जस्तो लाग्दछ ।"

"भवितव्य माथि त कसैको◌े जोड़ हुँदैन नि । के गर्नु हुन्छ ? सबै थोक ठीक भैहाल्छ ।"–म आश्वासन दिन्छु, जसरी मानिस यस्तो अवसरमा दिने गर्दछन् ।

रघुवीरको यो पीड़ाले मलाई दुखित मात्रै गरेनन्, केही वर्ष पूर्वको त्यो◌े घटना स्मरण गराइ दियो । यस्तै यही खाटमा उनी भेटिएका थिए । यसरी नै आवेशले पाखुरा समातेरÞ यसै चियाको पसलमा बेन्चमा बसालेका थिए । समय अपरान्हको पाँच बजिरहेको थियो । मलाई बजारमा समाचार सङ्कलनको क्रममा जानु थियो । तर रघुवीरको आग्रहको अगाडि म निरीह भएँ !

म पनि चियाको पसलमा यसरी नै मन मारेर बसेको थिएँ, ल जति भाषण गरे सुनौंला । चियाको अर्डर फटाफट गरिएको थियो र कुरा पनि सुरु गरि हाले– "भाइ, के भन्नु । अब त जिन्दगीवाट तंग आइ सकेको छु । आफ्नै घर मलाई खान तम्सिएको जस्तो लाग्छ ।'

म त्यति बेलापनि केही बुझ्न सकेको थिइनँ । प्रश्नवाचक चिन्हको भारी उनको टाउकामा बजार्दै आँखामा जिज्ञासा बोध ल्याउँदै उनीतिर हेरेको थिएँ ।

"अब हेर्नुस्, यस उम्रमा पनि म माथि शक गर्छिन् । साँmमा ढिलो आइयो भने त सोध्छिन्, कत्ता हुनुहुन्थ्यो अहिलेसम्म । ढिलो किन भयो ?

दिनमा कतै निस्किहालूँ र घरमा ढिलो आएर खाना मागूँ भने त तत्कालै जबाब फर्काउँछिन् – मरकौर भेटेन रन्डीकहां◌ँ ।" म सम्झन सकिनँ, कुन भूत सवार छ उसको दिमागमा । म त तङ्ग आइसकेको छु ।

उमेरले म भन्दा बारतेर वर्षले जेठो छन् उनी । तर दुवै जनाको मिल्दो व्यवहारले यो दूरीलाई कहिले पनि बीचमा आउन दिएन । अहिले पनि आएको छैन । हम सोझै कुरा राखिहालें–"भाइ साहेब, तपाईंले पनि कम गुल खिलाउनु भएको छैन । अहिले पनि कतै पुरानै ठौर–ठेकानमा बहकी जानुभएको होला नि...।"

"अरे, तपाईं पनि के कुरा गर्नुहुन्छ । उसको मती भ्रष्ट भैसकेको छ, सठिया गइकी छे । अङ्ग त चल्न छोड्यो, मुह मार्दै कहाँ फिर्ने–" उनी आफ्नो विवशता बताउँदै थिए । भाउज्यूलाई त्यसैले लागेको होला, म नजिक यो सतबरता बन्या छ, मुख फेरेर सुत्छन् र अरू कहाँ मस्ती मार्छन् ।

कति पनि कुरालाई हलुका बनाउने प्रयास गरें, उनी सहज हुन मानिरहेका थिएनन् । उनी पटकपटक भन्दै थिएँ–अब त मलाई त्यस घरमा जान डर लाग्न थालिसक्यो, थाहा छैन, कुन बेला के उटपटाङ्ग प्रश्न गरिदिन्छे, रिसको झोंकमा कुनै अनर्थ हुन पुग्यो भने ।

पति पत्नीको झगडामा किन पर्नु । एकअर्का बिना कसैलाई बन्दैन । प्रसन्न मुडमा भन्नु पनि गर्छन्– मेरो सबैथोकको ख्याल राख्छिन् मेरी श्रीमती !

साँचो कुरा के छ भने दुइटै एकअर्काको बिना बस्नै सक्दैनन् । दुख मलाई परेको छ र चिया तपाईंको सेलाउँदै छ– रघुवीरलाई मैथिलीमा बोलीरहेको सुनेर दङ्ग पर्दछु । तन्द्रा पनि भङ्ग हुन्छ । हरे,अब चिया के पिउने ! यस्तो दुखद घड़ीमा । साँच्चीकै रघुवीर अनाथ जस्तै हुन पुग्याछ । दुवै जना जति झगडा गरे पनि– एक अर्काप्रति समर्पित थिए । रघुवीरको खानपान, पथ परहेज र औषधिमा सधैं उनको आँखा दौडिरहन्थ्यो । उनी पत्नीको अगाडि त्यसै पनि स्वस्थ महसुस गरिरहन्थे । आज छ महिनामा नै हड्डी देखिन थालिसकेको छ । जीउ गल्न थालेको छ ।

मन विचलित हुन थाल्दछ । वर्षा◌ै◌ंपहिले पत्नीसँग झगडा गरेर यसै बेन्चमा बसेर भनेका थिए–घर अब काट्न खोज्छ र आज फेरि पत्नीको अनुपस्थितिमा भन्दैछन्– घर काट्न खोज्दैछ अरे । दुइटै भनाइमा एउटै रङका शब्दहरू प्रयोग भएका छन्, तर त्यसको अर्[्]थ आज कति फरक हुन पुगेको छ ।

म फेरि रघुवीरलाई आश्वस्त पार्न सान्त्वनाका केही शब्द भन्ने प्रयास गर्दछु– भाइ, केटाकेटी छँदैछन् । छोराबुहारी छन् –छोरीज्वाइँ छन् । गर्लान् नि सबै◌ै । काम गर्ने छँदै होला, खानपिन, दवा–दारुको व्यवस्था गरिहाल्छन् । आइलागेपछि त समाउनै पर्छ, आफ्नो बसमा छ र ।

बेन्चबाट रघुवीर उठ्छन् । गोजीबाट पैसा झिकेर चियापसलेलाई मैले मना गर्दागर्दै दिन्छन् । मलाई लाग्छ केही टाढासम्म रघुवीरसँगै मलाई पनि जानुपर्ने हो र म दक्षिणतिर जान खोज्दै छु कि मोबाइलको घण्टी बोल्छ । मोबाइल उठाउँछु । उताबाट आबाज आइरहेको हुदैन । म बुझिहाल्छु यो मेरी पत्नीको फोन हो । उनी अलिक ढिलो र भारी आवाजमा बोल्ने गर्छिन् ।

म हेलो भन्छु । "हँ, तपाईं अहिलेसम्म कहाँ हो ?" –पत्नीको यो सोध्नु थियो कि मेरो नरसिंह जागिहाल्यो । म कहीँ छु उसलाइ के ! अलिकती ढिलो होउँ कि शुरु....। आज म पनि...।

अगाडिमा थकित अनुहार लिएर भाइ रघुवीर खडा छन् । तल्कालै म आफूलाई समाल्छुर सोच्छु –आज ममा कुनै त्यस्तो किसिमको प्रतिक्रिया आउनु हुँदैन । म सहज ढङ्गले जबाफ फर्काउँछु –ल, आउँदैछु ।

रघुबीर भाइ साहेबसँग बिदाभएर सोझै घरतिर लम्कन्छु ।

मैथिली कथाः

# बुद्धियार डाक्टर



● सुजीतकुमार झा

'दाई एकरा खिस्सा नहि कहिए रु'

'किए रे १'

'ई हमरा मारलक अए ।'

'हँ गै मुन्नी, भैयाके मारलिहए रु'

'भैया हमर फित्ता तानि देलिन्ह अछि ।'

'अएँ रे टिंकु तो बहिनके फित्ता तानि देलिहए, आ उल्टे कहैत छए मारलकौए रु' दाई कनि तमसाईत बजलीह ।

'मुन्नीकेँ माथमे फित्ता ओझरा गेल छलैक । वएह कहने छल सरिया देबए लेल ।।।'

'।।।दाई गे सरियाबएके अर्थ थोरहे होईत छैक जे नोचि देब,' बीचेमे मुन्नी बाजल ।

'दूनु गोटे चुप्प भऽ जो । आई तोरासभकेँ रोचक खिस्सा सुनबैत छिऔक ।'

'ब्राह्मणबला कहबिही दाई गे रु'

'दाई भगवानबला कहए ने रु'

दूनुक बातके नजरअन्दाज करैत दाई बाजल, 'आई तोरासभकेँ गोनु झाबला खिस्सा कहैत छिऔक ।'

'अएँ गोनु झा केँ रहैक रु' टिंकु प्रश्न कएलक ।

हरबराईते मुन्नी बाजल, 'गे दाई, भैयाके गोनु झा केँ रहैक से नहि बुझल छन्हि ।।।।।। गोनु काका नहि छथिन अपन गामक ।'

'अपन गामक गोनु काकाकेँ खिस्सा बनतैक पगली ।।।।।।। खिस्सा तऽ बड़का लोककेँ बनैत छैक ने,' टिंकुक तर्क छल ।

मुन्नी दाईके देह हिलबैत प्रश्न कएलक, 'दाई ककर खिस्सा बनैत छैक, एकबेर भैयाकेँ कहिदही ने रु'

'चुप्प छौड़ी तो आब बजलेए तऽ कल्ला अलगा देबौक ।'

दाईकेँ फेरसँ देह तनैत मुन्नी बाजल, 'देखैत छिही दाई भैया डतैत छथि ।'

'तोसभ अपनामे झगड़ा नहि कर । हम एहन खिस्सा कहबौक जाहिमे गोनु झा कमला महारानीकेँ कोना कऽ ठकि लेलन्हि, ' दाई बजलीह ।

'अएँ गे दाई, कमला तऽ गोनु काकाकेँ बहिन नै छथिन आ तो कहैत छिही महारानी, ' मुन्नी मूँह चम्काबैत बाजल ।

'चुप्प छौड़ी फेरसँ फित्ता नोचि लेबहुं ।'

'दाई देखैत छिही भैयाकेँ ।।।। ।'

'तोसभ अहिना बजैत रहबए तऽ हम सुति रहबौ', दाई बजलीह ।

'आरे बल्ली तो सुतबिही तऽ भोजन केँ करतैक रु'

'हम आई नहि करब ।'

'नहि करबिही तऽ बुझल नहि छौक, एक चिरईकेँ माउस उड़ि जाईत छैक ।।। नहि यौ भैया, बाबा ओहि दिन नहि कहलखीन रु' मुन्नी बाजल ।

'हुँमुदा बड़काकेँ थोरहे उडैÞत छैक बच्चाकेँ मात्रे ।'

'दाई गे हमरा पेसाब लागि गेल तो कनिक रुकि जो तब कहिहए,' कहैत टिंकु ओछायनपरसँ उतरिगेल ।

'दाई गे जाधरि भैया पेसाब करए गेलखिन हैं, ताधरि हमरा खिस्सा सुना दे ने ।'

'भैयोके आबए दही तब दूनुकँ◌े कहबौक ।'

'बुढ़िया बीचमे तो खिस्सा कहि तऽ नहि कहि देलही ई झोट्टाबाली गुब्दी हनने छौक, ' ओछायनपर बैसैत टिंकु बाजल ।

'नहि कहलिए रे बौवा १ आब शान्त भऽ जो तखन कहबौक ।'

'दाई गे प्लीज एकटा बात कही दे पहिने, गोनु झा अपने गामक रहथिन वा कोनो बाहर ठामके रु'

'बौवा रे, से तऽ हमरा नहि बुझल अछि । मुदा अपने लग पासक गामक ओ छलथि । मुदा हुनका लोक धूर्त कहैत छल आ घर–घरमे लोक हुनकर खिस्सा सुनैत अछि ।'

'अएँ गे दाई, बाबूओ जी खिस्सा सुनने रहथिन रु'

'तोहर बाबूजीकेँ कि हुनको बाबूजी सेहो गोनु झाकेँ खिस्सा सुनने रहथिन ।'

'हुनकर बाबूजी के भेलैक दाई गे रु' मुन्नी बाजल ।

'ई छौड़ी किछु नहि बुझैत छैक । बाबा नहि भेलखिन', टिंकु मुहँ चमकबैत बाजल ।

'बाबा कोना भेलखिन रु'

'बाबा भेलखिन ।।।। ।'

'बाबा नहि भेलखिन ।।।।। ।

'दाई भैया हमरा बिठुआ कटैत छथि ।'

'मुन्नी तो एहिकात चलि आ, तोरा चयनसँ नहि रहए देतहुँ ।'

'दाई खिस्सा कहि दे ने रु'

'ले सुन ॥'

'।।।कमला नदीमे एकबेर बड़का बाढ़ि आएल रहैक ।।।।।'

'दाई गे नहि तमसबए तऽ एकटा बात पुछियौक कतेक बड़का रु अपन चार एतेकटा ।।।'

'चुप्प छौड़ी चार एतेकटा नहि, सिसो गाछ ओतेकटा ।'

'दाई, तो चुप्प किएक भऽ गेलए रु'

'तोसभ अपनामे लड़ए लगबए तऽ हम खिस्सा कोना कहबौ रु' दूनुकेँ शान्त करैत बजलीह ।

'हम तोरासँ कोनो बात पुछैत छिऔक तऽ भैया कथिलाए अवरोध करए लगैत छथि, हुनका चुप्प रहल किएक नहि होईत छन्हि रु' मुन्नी अवाजपर जोड़दैत बाजल ।

'तो बजबिही आ हम चुप्प रहूँ रु टिंकुक मुहँपर तामस अबिगेल छल ।

'दूनु गोटे एक शब्द नहि बाज, ' दाई दूनु गोटेक सम्झबैत बजलीह ।

'पहिने दाई एकटा बात कहि दे १ कमलामे चार एतेकटा बाढ़ि आएल रहैक कि सिसो गाछ एतेकटा ।।। रु'

'बाढ़िमे खूब पानि अबैत छैक जाहिसँ खेतमेका धान, गाछवृक्षसभ दहा दैत अछि ।'

'दाई गे हमसभ सेहो दहा जेबैक रु ' मुन्नीक बालपन जिज्ञासा छल ।

'तो गाछवृक्ष छिही से दहा जेबिही रु तोरा कोनो दोड़ए नहि अबैत छौक रु' टिंकुक तर्क छल ।

'हँ गे दाई, दौड़ जेबै तऽ नहि दहेबैक, ' मुन्नी माथपर जोड़दैत बाजल ।

'नहि ।'

'अच्छा छौड़ी तो नहि बजिहीए । जल्दि–जल्दि कहएदही, हमरा निन्द लगैत अछि । दाई जल्दि–जल्दि कहअ, ' टिंकु बाजल ।

'कमलामे बाढ़ि बढ़लैक तऽ नदी लग जाकऽ गोनु झा कमला महारानीकेँ पूजा कएलन्हि आ कहलन्हि, हमर खेत नहि दहाएत तऽ एक हजार जीवकेँ बलि देब ।।।, '

'।।।दाई गे कोन जीव रु'

'स्थिरसँ सुन छौड़ी ।।। दाई तो कहैत जो ।'

'जीवकेँ विषयमे बादमे कहबौक । गोनु झाकेँ पूजा कएलासँ कमला माहारानी बाढ़ि समेट लेलन्हि । एकरबाद गोनु झाक खेत नहि डुबल । आ नदीबला पानि अएलासँ खूब धान भेल ।।।।एकरबाद बुझलहि टिंकु रु'

'कह ने जगले छिऔक, मुन्नी सुति रहतौक तखने हम सुतबौ रु'

'आई पहिने भैया सुतथिन, तखने हम सुतबै ।' मुन्नी चुनौती देलक ।

'अपनामे तेना नहि बात करए लगैत छैक जे हमर खिस्सो बिसरा जाईत अछि ।'

'अच्छा आब नहि बजबौक ।'

'जखन खूब धान भेल आ कटनी सेहो भऽ गेल । खेतसँ बोझा बन्हाकऽ धान दुलानपर सेहो चलि अएलन्हि । एकरबाद दौनीकेँ तैयारीएमे रहथि गोनु बाबू कि हुनकर कनियाँ कमला महारानीकेँ पूजाबला बात याद पारलन्हि ।।।।'

'दाई गे एकबेर मुन्नीसँ पुछिलही तऽ कथिकेँ गोनु झा कबुला कएने रहथिन रु' टिंकु बाजल ।

'अहि कहिऔ तऽ भैया अपने बिसरि गेलाह आ हमरासँ पुछैत छथि ।'

'हम कहि दियैक दाई रु' टिंकु बाजल ।

'हँ कह तऽ रु' दाई टिंकुदिस तकैत बजलीह ।

'बाढ़ि नहि आएत तऽ, एक हजार जनावरकेँ बली देब ।'

'।।।।। हा हा हा बुझलही दाई १ भैया जनावर कहैत छथिन, ओ तऽ जीवकेँ बलीकँ◌े बात कहने रहथिन ।'

'जीव आ जनावर एकहि भेलैक ने दाई रु'

'एकर अर्थ एखन हम नहि कहबौक रु'

'कथिला दाई गे रु'

'एहि खिस्सामे एहने होईत छैक ।'

'बबोसभ सुनने हेथिन तऽ हुनकर दाई अहिना कहने हेथिन रु'

'हुनकर दाई कहा छैक गे छौड़ी रु ' टिंकु प्रश्न कएलक ।

'तऽ केँ कहने रहथिन रु'

दाईके देह डोलबैत टिंकु बाजल, 'हुनको दाईए कहने रहथिन रु'

'तो गे दाई रु'

'नहि हुनकर दाई १'

'हुनकर दाई कहाँ छैक रु हमरा तऽ आश्चर्य लगैत अछि हुनकर दाई रहितैक तऽ हम नहि देखितियैक रु अहाँ देखैत छियैक भैया १' मुन्नी टिंकुकँ◌े देह झकजोरैत बाजल ।

'ओ स्वर्गमे चलि गेलखिन, दाई जिज्ञासा शान्त करबाक हिसाबसँ बजलीह ।

मुदा बालमोन अहिना शान्त होबएबला कहाँ छल । फेर प्रश्न कएलक, 'कतए छैक स्वर्ग गे दाई रु'

'पहिने खिस्सा सुनि ले तखन स्वर्ग आ नर्क बुझिहए रु' दाई बहस करएके पक्षमे नहि छलीह ।

'पहिने बाबाकेँ दाईके देखा दे रु' मुन्नी बाजल ।

'पहिने खिस्सा सुन छौड़ी मम्मी तोरा सुताबए लेल लऽ जेतौक ।'

'कह गे दाई रु'

'कतएधरि गेल छलियैक ईसभ तऽ बिसराईओ दैया ' दाई दिमागपर जोड़ दैत बजलीह ।

मुन्नी दाई दिस तकैत बाजल, 'हम याद पारि दिऔ दाई रु'

'हँ कह तोही रु ' केश कुरियबैत दाई बजलीह ।

'हम कहैत छिऔक दाई भैयाकेँ बिसरा जाईत छन्हि । गोनु झाकेँ कनिया स्मरण पारि देलकन्हि जे एक हजार जीवकेँ बली देबाक अछि ।' मुन्नी बाजल ।

'हँ तखन गोनु झा असमन्जसमे पड़ि गेलाह । फेर ओ तऽ धूर्त महाराज रहथि हुनकालग तुरन्ते समस्याके समाधान सेहो चलि आएल । भेल एना जे अपन पुत्रके पढ़ाबए लेल ओ बैसौने रहथि, ओहिठाम बहुत मच्छर कटैत छल । गोनु बाबू कनिक देरक लेल एक गोटेसँ बतियालेल सड़कदिस गेलथि, ताधरि हुनक पुत्र मच्छरसभकँ◌े पकड़ि कऽ झोरामे जम्मा करए लागल । ओम्हरसँ घूमिकऽ गोनु बाबू अएलाह कि हुनकर कनियाँ बेटापर बिगरि रहल छल ।।।।।'

बच्चा सभ सुति तऽ नहि रहल दुनूकात अलटि पलटिकऽ देखैत ओ फेरसँ खिस्सा आगा बढ़ौलीह, 'पढ़एके साँती मच्छर मारैत अछि एहिपर गोनु बाबू हुनका रोकैत कहलन्हि, आहिरो बा अहाँकेँ बुझाइत अछि जे ई मच्छर मारैत अछि आ हमरा तऽ बड़का समस्याकेँ समाधान कऽ देलक ।।।ई सुनिकऽ दूनू माय बेटा हुनकादिस ताकए लागल ।।।।ओ दीर्घ श्वास छोड़ैत बजला, 'ताकु नहि अहुँ सहयोग करु मच्छर पकरएमे ।।। '

'किएक रुरु' पत्नीद्वारा जिज्ञासा रखलापर ओ कहलन्हि, 'माथपरका बहुत बड़का बोझ हटत ॥ ' ।तिनू गोटे अबेर रातिधरि मच्छर पकड़ैत रहलथि । भोरे गोनु बाबू एक झोरा मच्छर लऽ कऽ कमला नदीमे भसा देलन्हि । कहलखिन, 'हे भगवती १ अपनेकेँ एक हजार जीवकेँ बली देबाक जे कबुला कएने छलहुँ से आई दऽ रहल छी, संख्याक हिसाबसँ एक हजारसँ बेसीए एहिमे हएत ।।। जे गल्ती सल्ती भेल हएत माफ करब ।।।'

'अएँ गे दाई, पानिमे तऽ मच्छरसभ छतला गेल हेतैक रु'

'छतलेतैक कोना ओ मच्छरसभ डुबि गेल हेतैक, 'टिंकु बहादुरी हिसाबसँ बाजल ।

'तोसभ सुनैत रहए । एकरबाद गोनु बाबू फिर्ता चलि अएलाह । रातिमे प्रेमसँ भोजन कऽ सुति रहलथि ।।।रातिमे हुनका कमला महारानी सपनामे कहलखिन, 'तो हमरा ठकलए अछि, तोरा एक छिट्टासँ बेसी एहिबेर धान नहि हेतौक ।।।प्रात भेने गोनु झा जनसभके दरबज्जाक बगलमे रहल एकटा खेतके कोरएलेल कहलन्हि, आ छिट्टाकेँ पेनी काटि देलन्हि ।।।'

'मुन्नी तो सुतलएह तऽ नहि रु'

'नहि, मुदा उंघी लागि रहल अछि । कनिक पानि पिबतौहुँ ।'

'रे टिंकु १ कनिक पानि दही ।'

निचामे रहल गिलासमेसँ पानि दैत टिंकु बाजल , 'आब खिस्साकालमे एकरा नहि रखिहए मेने समयमे भंग कऽ दैत अछि रु'

'दाई कह ने खिस्सा, ' टिंकुक बातके नजरअन्दाज करैत मुन्नी बाजल ।

'तखन जहिना–जहिना दौनी होईत गेल, गोनु झा छिट्टामे धान रखैत गेलाह आ ओहि छिट्टबाटे बड़का खदियामे धान जम्मा होईत गेल । धानसँ ओ खदिया भरि गेल छल । गोनु झा सन्तुष्ट छलथि । हुनकर मुहँपर प्रसन्नता ओहिना देखल जा रहल छल ।।।रातिमे फेरसँ कमला महारानी सपनामे गोनु झाकेँ दर्शन देलन्हि आ कहलन्हि, 'तो ठीकेमे बहुत बुद्धिमान छएँ तोरा किओ नहि हरा सकैत छौह ।।।।'

गोनु झा महारानीके प्रणाम कएलन्हि ।

'बुझलही कतेक गोनु झा चलाक छलैक से रु'

'हमहुँ बड़का हेबै तऽ हुनके जँका चलाक बनबै,' दाईके देह तनैत टिंकु बाजल ।

'भैया, बाबूजी कहैत छथि जे दूनु गोटेकेँ डाक्टर जे बनबाक अछि,' मुन्नी टिंकुके सचेत करौलक ।

'कि बनबैक गे दाई रु'

'बुद्धियार डाक्टर ।'

'बुझलियै ने भाईजी । गोनु झा जँका चलाक सेहो आ बाबूजी कहैत छथिन डाक्टर बनएकँ लेल तऽ डाक्टर सेहो ।'

दूनु भाईबहिनकेँ आँखिपर निनियादेवी एखनोधरि नहि आएल छल । दाई किछु देर गुब्दी हानि लेलीह । ओ सोचि रहल छलीह जे जल्दि ईसभ सुति रहए जे भोजन करए जईतहुँ ।

अन्तरपुस्ता संवाद

## जनता नै खुशी रहेन भने व्यवस्था कसका लागि ?

### कम्युनिष्ट कार्यकर्ताको अनुभवः

# ‘प्रजातन्त्र न गणतन्त्र, राजतन्त्र नै ठीक देखियो’

- उचित यादव, जसले मधेशको एउटा गाउँमा बसेर राणा शासनकालको अनुभव संगाले अनि प्रजातन्त्रका लागि भएको संघर्ष हेरे र प्रजातन्त्र आएको अवसरमा दीपावली मनाए । प्रजातन्त्र अपहरण भएको, पञ्चायतको अभ्यास, पञ्चायत विरुद्धको संघर्ष, प्रजातन्त्रको पुनर्वहाली र अहिलेको गणतन्त्र पनि प्रत्यक्ष अनुभव गरिरहेका छन् ।

- ‘यी तन्त्रहरु फेरिँदा जनताको भावनालाई कतिको सम्बोधन गर्न सक्यो या सकेन भनेर न त मिडियाले यो विषयलाई प्राथमिकता दिन्छ, न राज्यले । सबैलाई नेताको भाषण र विश्लेषण सुनेर पुग्छ । व्यवस्था कसको लागि बदल्ने ? जनताका लागि या नेताका लागि ? जनताका लागि नेता हो कि नेताका लागि जनता ?’ उचित भन्छन्, ‘मलाई त लाग्छ न प्रजातन्त्र न गणतन्त्र नेपालका लागि राजतन्त्र नै ठीक ।’

- मेयर, उपमेयर, वडा अध्यक्षहरु सबै मोटाउन थाले । उनीहरु किन मोटाए भन्दा पनि जनताले तिरेको करको दुरुपयोग गर्ने कसरी सरकार प्रमुख वा जनप्रतिनिधि हुनसक्छ ? नेताले गणतन्त्रको दोहाइ गाएर बसेका छन् । के गर्ने ? राजा फेरी आउला न आउला । तर, राजालाई अहिलेको विकल्प मान्नुको कारण के ? भन्ने विषयमा सोचेर अहिलेकै व्यवस्थामा सुधार ल्याइयोस् भन्ने मेरो चाहना हो । आशा हो । अपेक्षा हो ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नम्बर ४ लालापट्टी गाउँमा बस्ने उचित यादवसंग मधेश घुमघामको क्रममा राजविराजस्थित जिल्ला अदालत कार्यालय नजिक सडक छेउको चिया पसलमा भेट भयो । उनले पञ्चायतकालिन शासन व्यवस्थामा देखिएको सामाजिक अनुशासनको वारेमा केही बोलिरहेको सुनेपछि मैले ८३ वर्षीय उचित यादवसँग उनको महत्वपूर्ण जीवनको अनुभव मधेशदृष्टिका पाठकसम्म पुर्याउने उदेश्यले गरेको कुराकानीको केही अंशः

**सुरेश यादव**

**नेपालमा राणा शासन थियो रे ? तपाईँले हेर्नुभएको छ ?**

राणा शासनको अन्त्य अर्थात् प्रजातन्त्र वहालीको घोषणा हुँदा म १० वर्ष उमेरको थिएँ । अहिलेको जस्तो नागरिक अधिकारको विषयमा कोही बोल्न सक्ने अवस्था थिएन । सर्वसधारणका छोराछोरीलाई विद्यालय पढाउन छुट थिएन । अहिले हामी नागरिक भन्छौं त्यतिबेला रैतिभन्दा पनि तल थियो हाम्रो हैसियत । न अड्डा अदालत न जनताको प्रहरी थियो । के ‘गर्न हुने’ भन्ने नै थिएन । के ‘गर्न नहुने’ भन्ने विषयमा कसैले भन्नै पर्दैनथ्यो । जनता आफै सचेत हुन्थे । मैले बुझेको राणा शासन भनेको त्यतिबेला देशमा कडा शासन थियो ।

**राणा शासनको विरोधमा कसरी संघर्ष भयो ? केही याद छ ?**

हो । राणा शासन रहेसम्म हामी जनताले मुक्ति पाउन सक्दैनौँ भन्दै हाम्रा गाउँका नेताहरुले भित्रभित्रै सर्वसधारणमा जागरण फैलाउँदै डिँडिरहेका थिए । अहिलेको जस्तो संगठन हाँक्ने, भाषण ठोक्ने जमाना थिएन त्यतिबेला । राणा हाम्रो दुश्मन हो, उनीहरुलाई परास्त गर्न हामी एकजुट हुनुपर्छ । राणा विरुद्ध आवाज उठाउने व्यक्तिहरुले हाम्रो मुक्तिका लागि र स्वतन्त्र भविष्यका लागि ज्यानको प्रवाह नगरी अगाडी बढिरहेका थिए । उनीहरुलाई तन, मन र धनले साथ दिनुपर्छ । राणा शासन यी यी कारणले गलत हो । यी यी कारणले यो शासनको अन्त्य हुनुपर्छ जस्ता कुरा गर्थे । गाउँमा हुनेखाने हैसियत भएकाहरुकासँग चन्दा असुल्थे र संघर्षलाई मलजल गर्ने काम गरिन्थ्यो । त्यो संघर्षमा म प्रत्यक्ष संलग्न भएको त होइन तर अप्रत्यक्ष रुपमा मेरो पनि योगदान छ । देशमा विपि कोइरालाहरु र हाम्रो गाउँतिर सकरपुराका गजेन्द्रनारायण सिंहजीहरुको गतिविधिबाट जनतामा राणा शासन विरुद्ध चेतना फैलाउने काम भएको मलाई प्रष्ट याद छ ।

**२००७ फागुन ७ अर्थात् देशमा प्रजातन्त्र आएको दिनलाई कसरी सम्झिनुहुन्छ ?**

प्रजातन्त्र घोषणा भएको त्यो दिन देशभर ‘महाखुशी’ मनाइएको थियो । मैले पनि हाम्रो घरमा दीप प्रज्ज्वलन गरेको थिएँ । गाउँ गाउँमा दीपावली मनाउन नेताहरुको निर्देशन थियो । त्यो महाखुशीले यस्तो महसुस भइरहेको थियो जस्तो एउटा प्रतिबन्धित देश त्यो दिनदेखि स्वतन्त्र भएको होस् । हरेक नागरिकको मुहारमा अपार खुशी छल्किन्थ्यो । नजरबन्दमा रहेका जनताहरु अब स्वतन्त्र भएको महसुस भइरहेको थियो । लाग्थ्यो देशले जित्यो, हामीले जित्यौं । त्यो आम खुशीको क्षणलाई स्मरण गर्दा अहिले पनि आनन्द आउँछ ।

**नेपालको पहिलो निर्वाचन २०१५ सालमा तपाँईले मतदान गर्नुभएको होला नि ?**

मैले त्यो चुनावमा मतदान गरेको हुँ । अहिलेको जस्तो जिल्ला र क्षेत्रहरु सीमांकन गरिएको थिएन । एउटा निर्वाचन क्षेत्रका लागि कम्तीमा २३ हजार र बढीमा ५२ हजार जनसंख्या हुनुपर्ने प्रावधान राखिएको थियो । देशभर १०९ जनाको लागि भएको निर्वाचनमा ७ सयभन्दा बढी उम्मेदवार उठेका थिए । जनताको हितमा काम गर्ने, विकास गर्ने र देशका लागि इमान्दारीताका साथ काम गर्ने वाचा लिएर उम्मेदवारहरु घरदैलो गर्थे, चुनावी प्रचारप्रसार गर्थे । अहिलेको जस्तो भोजभतेर र मत खरिदबिक्री जस्ता फोहोरी खेलहरु त्यो चुनावमा देखिएको थिएन । ४५ दिन लगाएर चुनाव सम्पन्न भएको थियो । सरकारले फागुन ७ गतेदेखि सुरु गरेको निर्वाचन चैत २१ गते सम्पन्न भएको घोषणा गरेको थियो । उक्त चुनावमा नेपाली कांग्रेसले एक जना उम्मेदवारलाई आफ्नो क्षेत्रमा खर्च गर्न ५ हजार रुपैयाँको दरले उपलब्ध गराएको थियो । कांग्रेसले १०९ मध्ये ७४ सिट जित्यो । ९ वटा राजनीतिक दल चुनावमा सहभागी भएकोमा नेपाली कांग्रेसका विपि कोइरालाबाहेक ८ वटा पार्टीका अध्यक्ष चुनाव हारे । नेपाली कांग्रेसले राणा शासन अन्त्य र प्रजातन्त्र वहालीका लागि आन्दोलनको अगुवाइ गरेको आधारमा जनताबाट अनुमोदन प्राप्त गरेको थियो ।

**निर्वाचन भएको दुई वर्ष पनि नपुग्दै प्रजातन्त्रको अपहरण भयो । त्यसपछि आएको पञ्चायती व्यवस्थाले समाजमा कस्तो असर परेको थियो ?**

प्रजातन्त्रका लागि लामो संघर्ष चलेको थियो । प्रजातन्त्र आएपछि जनताले जुन किसिमको स्वतन्त्रताको अपेक्षा गरेका थिए त्यो वास्तवमा प्राप्त भएन । राणा शासकको कब्जाबाट मुक्त भएको प्रजातन्त्र सिमित जमिनदारहरुको कब्जामा पुग्यो । आम जनताले त्यसको महसुस गर्ने अवसर कहिल्यै प्राप्त गर्न सकेनन् । गाउँ बस्तीमा धेरै नेताहरु भए । प्रजातन्त्रको स्वाद पाउन नेता नै बन्नुपर्ने अवस्था सिर्जना हुनपुग्यो । जब पञ्चायती व्यवस्था सुरु भयो अनि दस वर्षे प्रजातन्त्रमा पाएको अनुभवभन्दा फरक गतिविधिहरु देखिन थालियो । नेता प्रतिबन्धित भए । जमिनदाहरु फेरी शासकको भूमिकामा चलायमान हुन थाले । प्रजातन्त्रमा कोही कसैको सहारा थिएन । पञ्चायती व्यवस्था आएपछि जमिनदारहरुले जनतालाई सहयोग गर्न थाले । गरिब जनतालाई कुन तन्त्र आयो र कुन तन्त्र गयो भन्दा पनि उसको दैनिक जीवनमा कसले कसरी सहायता गर्यो भन्ने विषय महत्वपूर्ण हुँदो रहेछ । पञ्चायती व्यवस्था लम्बिदैजाँदा जमिनदारहरु अलि बढी नै तानाशाही बन्दै गएको महसुस हुन थालेको थियो । त्यसैले प्रजातन्त्र पुनर्वहालीको लागि नेपाली काँग्रेस



लगायतका राजनीतिक दलहरुले अगुवाइ गरेको आन्दोलनमा जनताको सहभागिता बढ्यो । अन्ततः जनआन्दोलनबाट पञ्चायती व्यवस्थाको अन्त्य भयो र प्रजातन्त्र पुनर्वहाली भयो ।

**प्रजातन्त्र पुनर्वहालीपछि त राम्रो भयो नि !**

के को राम्रो हुनु ? देशको व्यवस्था बदल्न जनताले नेतालाई साथ दिएका छन् र दिइरहेका पनि छन् । तर, जनताको अवस्था बदल्न नेताले नसकेको हो कि नचाहेको हो ? यस विषयमा म अहिलेसम्म बुझ्न सकेको छैन । म नेकपा एमालेको कार्यकर्ता हुँ । एमालेले आफ्नो गाउँ आफैँ बनाउँ भन्ने नारा ल्याउँदा केही हदसम्म राम्रो भयो । विकास निर्माणका काममा जनताले श्रमदान गर्ने वातावरण बनेको थियो । तर, व्यवस्था बदल्न योगदान दिने जनताको अवस्था बदल्न नेता असफल रहँदै आएको छ । देशमा जनताको अमूल्य योगदान छ प्रजातन्त्र ल्याउन र पुनः ल्याउन । जब जब प्रजातन्त्र आयो सबभन्दा बढी दुःख पनि जनताले नै पाए । यो विषयमा तपाईँ जस्ता पत्रकारहरुले बहस थाल्नुपर्ने आवश्यक्ता छ । प्रजातन्त्र पुनर्वहाली भएपछि माओवादी द्वन्द्व सुरु भयो । देशमा मारकाट चल्न थाल्यो । राजनीतिक संकट उत्पन्न भयो । जनताले त्यो द्वन्द्वमा पनि अकल्पनिय जनधनको क्षति व्यहोर्नुपरेको सर्वविदितै छ । देशमा दोस्रो जनआन्दोलन भयो । प्रजातन्त्र, लोकतन्त्र हुँदै अहिले गणतन्त्र छ । तर, यी तन्त्रहरु फेरिँदा जनताको भावनालाई कतिको सम्बोधन गर्न सक्यो या सकेन न त मिडियाले यो कुरालाई प्राथमिकता दिन्छ, न राज्यले । सबैलाई नेताको भाषण र विश्लेषण सुनेर पुग्छ । व्यवस्था कसको लागि बदल्ने ? जनताका लागि या नेताका लागि ? जनताका लागि नेता हो ? कि नेताका लागि जनता ? मधेशदृष्टिलाई धन्यवाद दिन्छु कि म जस्ता सर्वसधारणको कुरा पनि बाहिर ल्याइदिने प्रयास गरेको छ । मलाई त लाग्छ न प्रजातन्त्र न गणतन्त्र नेपालका लागि राजतन्त्र नै ठीक ।

**प्रजातन्त्र र गणतन्त्र भन्दा राजतन्त्र नै ठीक भन्नुभयो किन ?**

सही प्रश्न गर्नुभयो । प्रजाका लागि आएको प्रजातन्त्र र जनताका लागि आएको गणतन्त्र ठीक पनि हुनुपर्ने हो र उचित पनि । तर म जस्ता साधारण किसानले राजतन्त्रलाई ठिक भन्ने कुरा आउनु भनेको मेरो विचारमा दुर्भाग्य हो । तर फेरी भन्छु किन म जस्तो नागरिकको मनमा यस्तो भावना पैदा भइरहेको छ त ? यसबारेमा नेताले सुन्ने कि नसुन्ने ? तपाईँ पत्रकारले यो कुरालाई बहसको विषय बनाउने कि नबनाउने ? मेरो चाहना यति हो ।

प्रजातन्त्र भनियो लोकतन्त्र भनियो र गणतन्त्र भनियो । जनतामा नैराश्यता बढ्दै बढ्दै गएको छ । जनता नै खुशी रहेन भने व्यवस्था कसको लागि ? मेरो प्रश्न यो हो । प्रशासनमा जानुस्, प्रहरीमा जानुस् न्यायालयमा जानुस् बिना अतिरिक्त रकम लेनदेन गरी कामै हुँदैन । यत्रतत्र भ्रष्टाचार व्याप्त छ । स्थानीय सरकार भनियो । मेयर, उपमेयर, वडा अध्यक्षहरु सबै मोटाउन थाले । उनीहरु किन मोटाए भन्दा पनि जनताले तिरेको करको दुरुपयोग गर्ने कसरी सरकार हुनसक्छ ? यी र यस्ता प्रश्न गाउँ घरमा उठिरहेका छन् । जनता अहिलेको व्यवस्थाबाट आजित भइरहेका छन् । नेताले गणतन्त्रको दोहाइ गाएर बसेका छन् । व्यवस्थाको विरोध गर्नै नपाउने भन्छ । के गर्ने ? राजा फेरी आउला न आउला । तर, राजालाई वर्तमान शासन व्यवस्थाको विकल्पको रुपमा मन पराउनुको कारण के ? भन्ने विषयमा सोचेर अहिलेकै व्यवस्थामा सुधार ल्याइयोस् भन्ने मेरो चाहना हो । आशा हो र अपेक्षा हो ।

प्रजातन्त्रमा त्यस्तो के नराम्रो पाउनुभयो ?

नेताले जनताको हितमा इमान्दार र वफादार भइदिएन जस्तो लाग्छ मलाई । नागरिकमा पनि आफ्नो अधिकारको कुरा मात्रै गर्ने र कर्तव्य भन्ने कुराको ख्यालै नगर्ने सोच हावी भयो । जनश्रमदान गर्ने र राज्यको लागि काम गर्ने भन्ने भावना क्षय हुँदै गयो । देश र जनता भन्ने कुरा ओझेलमा पर्न गयो । प्रजातन्त्र भनेपछि नागरिकको अधिकार त भनियो तर जसको लाठी उसको भैँस भनेजस्तै जो शक्तिमा छ उसकै सबै चल्ने । कमजोर सँधै कमजोर रहिरहने । गरिब सँधै गरिब रहिरहने । हिजो प्रजातन्त्र र अहिले गणतन्त्र उस्तै देखियो । भित्र उही वस्तु छ माथि लेवल मात्रै फेर्ने कामहरु भइरहेको छ । यसले जनतालाई न्याय दिन सकेन भन्ने हो ।

**प्रसङ्ग थोरै बदलौँ । राणाकालिन बालक तपाईँ । त्यसबेला शिक्षादिक्षा ग्रहण गर्ने व्यवस्था कस्तो थियो ?**

अहिलेको जस्तो टोलटोलमा स्कुल थिएन । यत्रतत्र शिक्षकहरु पनि पाउँदैनथ्यो । हामीलाई पढाउन सीमापारी (बिहार) बाट एक जना गुरुजी आएका थिए । उनी हाम्रै गाउँमा बस्थे । हामीलाई लेखपढ गर्न हिन्दी र हिसाबकिताबको ज्ञानका लागि गणित पढाउँथे । हामीले चार आना आठ आना दिन्थ्यौँ ट्यूशन फि । कतिले चामल दाल दिए पनि पुग्थ्यो । गुरुलाई धैरै धनको लोभ र लालच हुँदैनथ्यो । गुरुसँग भएको ज्ञान बाँड्नु आफ्नो धर्म र कर्तव्य सम्झिन्थे । हामी उनको आचरणबाट प्रभावित हुन्थ्यौँ र सम्मान गथ्र्यौं ।’

**तपाँईले पढ्ने विषयवस्तु के हुन्थ्यो ?**

सबैया, डेढा, अढैया, जम्मबन्दी पढाइन्थ्यो । किताब, कापी हुन्थेन । पाटी र सिलेट पनि थिएन । सखुवा र आँपको काठले पाटी जस्तो बनाउँथ्यौँ । त्यसमै पढ्थ्यौँ । अक्षर पढ्न र लेख्न जाने पुग्थ्यो । जागिरको लागि पढ्ने भन्ने कुरा थिएन । एक कक्षा दुई कक्षाहरु पनि थिएन । धैरै पछि हो हाम्रो गाउँ नजिकै स्कुल खुलेपछि सात कक्षासम्म मैले पनि पढ्न पाएँ । त्यो भनेको त्यसबेलाको लागि राम्रै पढेको मानिन्थ्यो । गाउँमा कोइकोइ मात्रै पढ्ने गर्थे ।

**म जस्तो उमेरमा तपाँई छँदा र अहिलेको सामाजिक संस्कारमा के भिन्नता छ जस्तो लाग्छ ?**

म किशोर अवस्थामा हुँदा गाउँका जो कोही भएपनि ज्येष्ठ भएकै कारण उनको धाक मान्ने, उनलाई सम्मान गर्ने चलन थियो । अहिले त्यो संस्कार कहाँ गयो जस्तो लाग्छ । महिलाहरुले पुरुषसँग अनावश्यक बोल्दैनथ्यो । अरुले के भन्ला भनेर विचार गरी मात्रै बोल्ने र कुनै व्यवहार गर्थे । मेरा जेठाजु वा ससुरा हुनुहुन्छ भनेर अनुशासनको पालना गर्थे । टोल वा गाउँका कोही ज्येष्ठ नागरिकको उपस्थिति छ भने सतर्क रहन्थे । अहिले विवाहको नाउँमा वा कुनै धर्म संस्कृतिको नाउँमा अश्लील नाचगान हुन थाल्यो । ससुरा वा जेठाजु छन् भने बरु उनीहरु त्यहाँबाट गइदिनुपर्छ तर बुहारीलाई उनीहरुकै अगाडी पनि अश्लील गीतमा नाच्न लाज लाग्दैन । त्यो संस्कार र यो संस्कार । तुलनै नगर्नुस् ।

# सुन्नुस् त !

## तपाईँसँग १०० दिन



● रामकुमार एलन

**प्रिय पाठक,**

***मधेशदृष्टि दैनिकको शनिबारीय परिशिष्टांक ‘वैभव’को दोस्रो अंक तपाईं पढिरहनु भएको छ । साउनदेखि हामीले आरम्भ गरेको यो प्रयासले मधेशको दैनिक अखबार उद्यममा केही नयाँ स्वाद दिन सकिन्छ कि भन्ने भरोसा छ । पहिलो अंक पढेर केही प्रतिक्रिया प्राप्त भए । अक्सर हामी त्यही वाक्य सुनेर थाकेका छौँ, थाक्न खोजेका छौँ तर थाक्न चाहदैनौँ । त्यो हो, ‘अचेल पत्रिका कसले पढ्छ र ?’ हो, हामीलाई थाहा छ, मन नपरेको या रुचि बाहिरको भिडियो आए १५ सेकेन्डको टिकटक पनि नहेर्ने तपाईंको आदत बनिसकेको छ । सञ्चारमा यो क्रान्ति कति जरुरी थियो या वाहियात् ? यसको बहस हुने नै छ । तर तपाईंलाई मन लागेको लेख्न, बोल्न, भिडियोमा नांगिन, अरुलाई ‘रिप’सम्म लेख्दा पनि साइबर अपराधको कारबाहीबाट जोगाउन चैँ अभिव्यक्ति स्वतन्त्रताको लडाइँ यिनै अखबारले लडेको भनेर आफूले नभुल्नूहोला । सन्ततिलाई पनि भनिदिनु होला ।***

एउटा कर्पोरेट मिडिया हाउस चलाउने जमर्कोमा मधेशदृष्टिको भगिरथ कसरत छ । मधेशदृष्टिको मातृसंस्था, भ्रातृसंस्था, पितृसंस्था जे भन्नुहोस्, आफ्नै टेलिभिजन छ । रेडियो स्टेसन छ । अनलाइन परिस्कृतसँग चलाउने तयारी छ । समग्रमा सबैले दिने समाचार नै हो । पत्रकारिताको प्राण समाचार हो र समाचारको धुकधुकी पत्रकार । त्यसैले मर्यादित पत्रकारितामा समाचार र पत्रकार नै मेरुदण्ड हो । केही मिडिया हाउसहरुमा कारिन्दाको अनुभव नबटुलेको पत्रकार पाउनु र प्याज नखाने बाहुन पाउनु उस्तै हो । तर पत्रकारिता गर्नु पर्ने पत्रकारहरु पत्रकारिता पढाउँछन् । र, बेलाबखत म आफ्नै पेशाप्रति भक्कानिन्छु । कहिले व्यंग्य गर्छु, ‘पत्रकारलाई सबै आउँछ, वश समाचार लेख्न चैँ आउँदैन ।’ अहिले हाम्रो पत्रकारिता यही रोगले इन्तु न चिन्तु छ । यसको कारण पनि भनिदिन्छु । पत्रकारको संगत दुईथरिसँग बाक्लो भयो यो ३० वर्षमा । एउटा नेतासँग । अर्को कलाकारसँग । सम्झनुहोस् त २०४६ यताका नेताहरुले के के भने ? के के गरे ? अनि कलाकारहरु सम्झनुहोस् त । सदावहार नायक भुवन केसीको पत्नी नायिका भइसकिन् । छोरा हिरो भइसके । उनी अझै सदावहार भन्दै त्यही पुरानै डाइलग दोहो¥याउँछन् । दर्शक कति अपडेट भइसके । कलाकारको पारा पुरानै छ । त्यस्तै जनता कति बुझ्ने भइसके । नेताहरु पुरानै भाषण दोहो¥याउँछन् । जहाँ बाटो छैन, त्यहाँ पुल हालिदिने भन्छन् । जहाँ खोला छैन, त्यहाँ पुल बनाइदिन्छन् । बाटो नजोड्ने पुल र खोला भन्दा होचो पुलको विकासका जननी नेता र पुरानै डाइलगमा बाँचेका कलाकारको संगतले पत्रकार चैँ कहाँ अपडेट भए र ? अहिले पनि लेखिरहेका छन्, ‘उक्त स्रोतले नाम नबताउने शर्तमा भन्यो ।’

काठमाडौँमा भन्थेँ । मसँग ५० दिन संगत गर्नुहोस् । तपाईंको राम्रो र मेरा खराबी एकअर्कोले अनुभूत गरिहाल्छौँ । त्यसपछि १०० दिन सँगै काम गरौँ । हामी पत्रकारितामा केही नयाँ खोज्न र जनतालाई दिन सक्छौँ । यदि यो काम ‘कन्टिन्यु’ भए अरु २०० दिन सजिलै बित्छ । अर्थात् वर्षमा ३५० दिन त हामी पत्रकारिता गर्छौँ । त्यसमा साप्ताहिक बिदाले ५२ दिन मेरो र ५२ दिन तपाईंको अफिसमा भेट नै हुँदैन । पत्रकारले बारअनुसार बिदा लिन्छन् । यसरी हाम्रो वर्ष बित्दा अर्को वर्ष तपाईंको या मेरो करार नदोहोरिन पनि सक्छ । राम्रो मिडिया हाउसले तपाईं र मलाई सँगै लैजान पनि सक्छ । अर्को मिडिया हाउसमा पनि तपाईं ‘तपाईं’ नै हो, म ‘म’ नै हो अर्थात् पत्रकार, यहाँ जे वरियता छ, त्यहाँ पनि त्यही हुनेछ । यसैले पत्रकारले समाचार लेख्नेबाहेक अरु सोच्नु पर्दैन । तर ‘के लेख्ने’ भन्ने प्रश्नमै हाम्रो पत्रकारिता सकिइरहेको छ । खासमा हामीले ‘किन लेख्ने’ भन्नेमा आफूलाई सरुवा गर्नै सकेका छैनौँ नेता र कलाकारजस्तै ।

मुस्किलले मधेशमा १५ दिन पनि बसेको छैन । तर तपाईंहरुले देखाउनु भएको अगाध माया, श्रद्धाका लागि आभार प्रकट गर्दछु । महिनामा एउटा न एउटा देखिने गल्ती भएका छन् । अक्सर प्रथम पृष्ठमा गल्ती नदेखियोस् भनेर सचेत हुन्छु । तर बस्छु हेटौँडा, घुम्छु काठमाडौँ । मधेशदृष्टिको पेज बन्छ जनकपुरमा । छापिन्छ वीरगंजमा । एउटा घुमुवा सम्पादक कति कमजोर हुन्छ भन्ने नजिकबाट अनुभूत गरेको छु । जनकपुरमा बिजुलीले साथ दिन्न । कैयौँपटक सच्याइएको पनि फाइल उडेर गल्ती हुन्छ । वीरगंज भए दौडेर गए प्रेसमा प्लेट बन्दै गर्दा सच्याउँथे । टाढा पर्छ । त्यहाँ पनि प्लेट बनाएर छाप्ने हो, जब डिजाइन हुने ठाउँमै त्रुटिरहित बनाउन सकिएन भने प्रेसका ‘लेम्यान’को दोष हुन्न । अनि भोलिपल्ट बिहानै आउने फोनहरुमा ‘हजुर, सम्पादक हुँ, माफ पाउँ’ भन्नुको विकल्प छैन ।

एउटा भनाइ सम्झन्छु, ‘न्यायाधीशले काला कोट लगाउने विद्वानहरुको तर्क सुन्दासुन्दा अवकाश पाउँछ । थाहा छ, विद्वान अधिवक्ता आफ्ना पक्षधर जिताउन नराम्रोलाई पनि राम्रो दाबी गरिरहेका छन् । यस्तै, एउटा सम्पादक आफ्ना विद्वान संवाददाताको झुटको पुलिन्दा काट्दाकाट्दै बूढो हुन्छ । संवाददातालाई नपत्याउँ, समाचार आउँदैन । पत्याउँ, भोलिपल्ट गल्ती भएको फोन उठाउँदै हैरान । यद्यपि फरक स्वादसहितको पत्रकारिता हरेक दिनको परीक्षा हो, यो परीक्षामा आफूलाई धैरै उभ्याउन नसके पनि ‘फेल’ गराउँदिनँ भन्ने वाचा गर्दछु । पत्रकारिताले हरेक दिन परीक्षा दिनु पर्छ, पढाइमा जस्तो चिट चोरे ‘हुबहु’ मा परिन्छ । सम्पादक भएको यो १०० दिन (तपाईंले पत्रिका पढिरहँदा १०१ दिन)मा फेरि त्यही वाचा दोहो¥याएँ, ‘फरक समाचार दिन हामी पत्रिका निकालिरहेका छौँ, के दिने होइन, किन दिने भन्ने प्रश्नको उत्तर हो हाम्रो पत्रकारिता ।’ वैभवलाई अरु परिस्कृत बनाउन तपाईंको सम्यक सुझाव प्रार्थनीय छ ।

वैभव संयोजकः सुरेश यादव

# मिलापत्र गरेर जनकपुर सुरक्षा अस्पताल पुनः सञ्चालन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उपचारको क्रममा मृत्यु भएको परिबारलाई पैसा लेनदेन गरि घटना मिलाई जनकपुर सुरक्षा अस्पतालमा पुनः संचालनमा ल्याइएको छ । गत साउन ३ गत पाठेघरको शल्यक्रियाको भर्ना भएकी जनकपुरधाम–१६ कपिलेश्वरकी ३६ वर्षीया सोनिया साहको दुईदिनपछि मृत्यु भएपछि परिवारजन आन्दोलीत भएको थियो भने घटनाको विषय थेग्न नसकि अस्पतालका चिकित्सकहरु फरार भएका थिए । यता चिकित्सकनै फरार भएपछि अस्पतालमा प्रशासनले ताला झुण्डयाएका थिए ।
प्राप्त जानकारि अनुसार वडा न १६ का वडाध्यक्ष रामचन्द्र पंजियारको पहलमा मृतक परिवार र अस्पतालबीच रकम लेनदेन गरी मिलापत्र गर्ने निर्णय गरेपछि अस्पतालको ताला खुलेको हो । स्रोतबाट प्राप्त जानकारि अनुसार घटनामा अस्पतालले मृतक परिवारलाई क्षतिपुर्ति वापत ११ लाख रुपैयाँ नगद दिने सहमति भएको छ ।
मिलापत्र भएपछि बन्द रहेको अस्पताल पुनः संचालनमा आएको छ भने मृतक परिवारबाट अस्पतालविरुद्ध कुनै जाहेरि दिइएको छैन । धनुषाका डिएसपी तथा प्रवक्ता घटनाको भोलीपल्टनै जाहेरी दिने कुरा भएपनि हालसम्म मृतक परिवार नआएको बताउदै आपसमै मिलापत्र गरेको जाहेरि दिन नआएको हुनसक्ने उनको अनुमान रहको छ । यता अस्पताल संचालक डा सराजे ठाकुरले उपचारमा कुनै प्रकारको लापरबाही नभएको दाबी गरेका छन् । उनका अनुसार चेकजाँच गरेरनै शल्यक्रिया गरेको तर शल्यक्रियाको समय आन्द्रामा पाठेघर टाँसिएर मासु बढेको र त्यसलाई हटाउदा आन्द्रानै च्यातिन सक्ने समस्याका कारण पाठेघरनै हटाउनुपर्ने अवस्था रहेको उनले बताए । उनले भने,‘बिरामीबाट पाठेघर हटाउने पूर्व स्वीकृति लिएका थिएनौं,यो विषयमा अप्रेशन थिएटरमा एकजना आफन्तलाई बोलाएर देखायौं । सम्झाएर पुनः तुरन्तै टाँका लगायौं ।’ डा ठाकुरका अुनसार शल्यक्रिया सफल नभएको सुनाएपछि विरामीलाई ह्दयघाट हुन सक्ने कारण उनको परिवारजनलाई भनेर गंगालाल हृदय केन्द्र जनकपुरधाममा लग्न खोज्दा हुलदंगा भयो र त्यसबाट सुरक्षीत हुन त्याहाबाट आफुहरु निस्केको उनको भनाई छ ।
घटना पश्चात मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य महाशाखाले अस्पतालसंग स्पष्टीकरणसहित दर्ता नविकरणसहितको कागजातसहित २४ घण्टा भित्र उपस्थित हुन स्पष्टीकरण सोधेको थियो । जसमा अस्पताल उपस्थित भएर दर्ता कागजातसहित स्पष्टीकरण दिएको छ । स्वास्थ्य महाशाखाका प्रमुख डा मुक्तिनारायण साहका अनुसार यो हस्पिटल प्रदेश स्वास्थ्य निर्देशनालयबाट २०७८ मा २५ शैय्याको दर्ता छ । तर हालसम्म नविकरण भने भएको छैन । घटनाको स्पष्टीकरणमा अस्पतालले पाठेघरको अप्रेशन गर्न खोजेपनि असफल भएको उल्लेख गरेको छ । हृदयघातले बिरामीको मृत्यु भएको, शल्यक्रिया गर्नु अघि गरेको बिरामीको चेकजाँचको रिपोर्ट अस्पतालमा होहल्ला कसैले लिएर भागेको स्पष्टीकरण पत्रमा उल्लेख गरेको महाशाखा प्रमुख साहले बताए । पोस्टमार्टम रिपोर्ट आएपछि घटनाको थप कुरा खुल्ने र यस विषयमा अनुसन्धान गरिरहेको प्रमुख साहको भनाइ छ ।

# अश्लील भिडियो बनाउने टिकटकिया पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको जानकी मन्दिरको विवाह मण्डपमा अश्लिल टिकटक भिडियो बनाउने एक युवकलाई प्रहरीले पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा धनुषाको औरही गाउँपालिका वडा नं। ६ का १८ वर्षीय अनिरूद्र यादव रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
यादवले जानकी मन्दिरको विवाह मण्डपभित्र अश्लील टिकटक बनाएर राखेपछि भिडियो भाइरल भएपछि विरोध भएपछि प्रहरीले युवकलाई नियन्त्रणमा लिएको हो ।
भिडिओमा देखिएकी युवती र भिडिओ खिच्ने व्यक्तिको खोजी जारी रहेको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए । जनकपुरधामको धार्मिक स्थलमा टिकटोक बनाउन रोक लगाइएपनि अहिले पनि अश्लिल क्रियाकलाप गरेर टिकटोकमा अपलोड गर्ने प्रक्रिया जारी नै रहेको छ ।

# शिक्षक साहले पत्रकारसँग मागे माफी



**मधेशदृष्टि**
**सिरहा ।**
समाचार हटाउन भन्दै पत्रकारलाई धम्की दिने सारश्वरनाथ मावि सिरहाका शिक्षक परशुराम साहले माफि मागेका छन् ।
सिरहामा सूचना अभियन्ताको नाममा सूचना भजाउने मास्टर’ भन्ने शिर्षकको समाचारको विषयलाई लिएर शिक्षक साहले सञ्चारकर्मीलाई समाचार हटाउन धम्की दिएका थिए । उनले समाचार नहटाए मुद्दा मामिलामा फसाईदिने भनी सामाजिक सञ्जालमा समेत लेखेका थिए ।
उक्त घटनाप्रति नेपाल पत्रकार महासंघ सिरहाले ध्यानाकर्षण समेत गराएको थियो । पत्रकार महासंघ सिरहाले पत्रकारलाई धम्की दिनु भनेको प्रेस स्वतन्त्रताको ठाडो हस्तक्षेप भएको ठहर गरेपछि शिक्षक साहले महासंघका अध्यक्ष मनोज बनैतासँग टेलिफोनमार्फत माफी मागेका हुन् ।
प्रकाशित प्रसारित समाचार उपर चित्त नबुझे शिक्षक जस्तो व्यक्तिले वैधानिक बाटो अवलम्वन गर्नुको साटो फोनबाट धम्की दिनु मुद्दा लगाई दिने भनी त्रसित पार्नु, सञ्जालमा कपोकल्पित स्टाटस लेखेर सञ्चारकर्मीलाई निरुत्साहित, पार्नु प्रकाशित समाचार हटाउन लगाउने प्रेस स्वतन्त्रताको ढाडो हस्तक्षेप भएको महासंघले ठहर गरेको थियो ।
शिक्षक साहले फेसबुक स्टेटस समेत लेखेर पत्रकारहरुसँग माफी मागेका छन् । यसअघि उनले विभिन्न सरकारी निकायमा आफूलाई समाजिक अभियन्ता बताउँदै सूचना माग गरी नगद तथा पेट्रोल असुन्दै धाकधम्की समेत देखाउँदै आएका थिए । सार्वजनिक पद धारण गरेका साह शिक्षक भएरपनि सूचना अभियन्ताको नाममा विभिन्न क्षेत्रको व्यक्ति तथा सञ्चार क्षेत्रलाई समेत धम्क्याई, बार्गेनिङ्ग गरेको गुनासो पटक–पटक आएको महासंघले जनाएको छ ।

# प्रमुख प्रशासकीय अधिकृतसहित ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**मधेशदृष्टि**
**जलेश्वर ।**
पिपरा गाँउपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृतसहित पाँचजना विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।
शुक्रबार विशेष अदालत काठमाडौँमा तत्कालिन प्रमुख प्रशासकीय अधिकृत रंजिता झा, सव इन्जिनियर श्याम किशोर मण्डल, निर्माण उपभोक्ता समितिका अध्यक्ष नवोनारायण मिश्र, सचिव कमरुल खातुन र कोषाध्यक्ष रतन साह विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिएका छन् ।
पिपरा १ खैरबामा बाटो ढलानको कार्य गर्दा कमसल सामाग्रीहरु प्रयोग गरी गाउँपालिकाबाट प्राप्त रकम हिनामिना गरेको भन्ने उजुरीको अनुसन्धान हुँदा तत्कालिन प्रमुख प्रशासकीय अधिकृत झा, सवइन्जिनियर मण्डलले आव २०७४।०७५ मा पिपरा १ को एकरहिया कृषि सडक ओलारदेखि खैरबा सडकको पीसीसी ढलान कार्यमा नभए नगरेको कार्यलाई बढी काम भएको नापी किताब तयार पारी बढी मूल्याङ्कन गरी झुट्टा नापी किताब, भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी उपभोक्ता समितिलाई बढी १ लाख ४८ हजार ९१० रुपैयाँ भुक्तानी दिई सरकारी रकम हानिनोक्सानी पुर्‍याएको अख्तियारले जनाएको छ ।
अख्तियारले उनीहरु विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ९१० ९ग० र ९ङ० बमोजिमको कसुरमा १ लाख ४८ हजार ९१० रुपैयाँ बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा ९१० बमोजिम कैद र जरिवाना हुन र सोही दफा बमोजिम बिगो असुल हुनसमेत मागदाबी गरेको छ ।
यस्तै, निर्माण उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षले आव २०७४।७५ मा पीसीसी ढलान कार्यमा बढी काम भएको नापी किताब तयार पारी बढी मूल्याङ्कन गराई गलत नापी किताब, बिल भरपाई र कार्य सम्पन्न प्रतिवेदन तयार एवं स्वीकृत गराई नभए नगरेको काममा बढी भुक्तानी लिई सरकारी रकम हानिनोक्सानी पुर्‍याएको पुष्टि भएकोले भ्रष्टाचार निवारण, ऐन २०५९ को दफा ८ को उपदफा ९४० बमोजिमको कसुरमा १ लाख ४८ हजार ९१० रुपैयाँ बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा ९४० बमोजिम सजाय हुन र सोही दफा बमोजिम बिगो जफत हुनसमेत मागदाबी लिई विशेष अदालतमा आरोपपत्र दायर गरेको प्रवक्ता दाहालले जानकारी दिएका हुन् ।

# बृहत सरसफाई कार्यक्रम सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
साप्ताहिकरुपमा प्रत्येक शुक्रबार जनकपुरधाममा आयोजना गरिने बृहत साप्ताहिक सरसफाई अभियान यस हप्ता पनि सम्पन्न भएको छ ।
शुक्रबार बिहान जनकपुरधाम उपमहानगरपालिका वडा नं १० जानकी मन्दिर स्थित सरसफाई महाअभियान गरिएको हो ।
प्रत्येक हप्ता धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दहालको अगुवाईमा हुने सरसफाई महाअभियानमा शुक्रबार जानकी मन्दिर एरिया र धनुष सागर एरिय सरसफाई गरिएको छ । सरसफाई अभियानमा धनुषा प्रहरी उपरिक्षक विश्वराज खडका,नेपाल प्रहरी,सशस्त्र प्रहरी,नेपाली सेना,वडाका जनप्रतिनिधी,नगरपालिकाका कर्मचारी,विभिन्न संघ संस्थाका पदाधिकारी र स्थानियवासी लगायत सय भन्दा बढिको सहभागीता रहेको थियो ।

# लाखौको भन्सार चोरी निकासीका सामान बरामद



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले लाखौ मुल्य बराबरको अबैध भन्सार चोरी निकासीका समान बरामद गरेको छ । शुक्रबार जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको टोलीले जिल्लाका विभिन्न स्थानहरुमा भारतबाट भन्सार छली छोरी पैठारी गरि ल्याइएका विभिन्न किसीमका किराना तथा लताकपडाहरु बरामद गरेको छ । शुक्रबार विभिन्न ठाउबाट पक्राउ गरिएको करिब ५ लाख ८७ हजार ५ सयढ मुल्य बराबरको किराना समाग्री,लत्ताकपडा लगायत चार वटा मोटरसाईकल बरामद गरि जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याई कारवाहीका लागि भन्सार कार्यालय जनकपुरधाम पठाइएको धनुषा प्रहरीले जनाएको छ ।

# ढल्केवरमा २५ वटा राष्ट्रिय झण्डा लगाइए



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको मिथिला नगरपालिकाको ढल्केबरमा २५ थान राष्टिय झण्डा लगाइएको छ । मधेश प्रदेशको राजधानी जनकपुरधामको मुख्य प्रवेशद्वार ढल्केवरमा शुक्रबार स्थानीय क्लब तथा विभिन्न सङ्घसंस्थाको सहयोगमा २५ वटा राष्ट्रिय झण्डा राखिएको छ ।
पूर्वपश्चिम राजमार्गसँग जोडिएको नेपालकै सबैभन्दा ठूलो महेन्द्र पार्कको तीन वटै कुनामा मिथिला उद्योग वाणिज्य संघ, खानेपानी तथा सरसफाई उपभोक्ता समिति, मिथिला लायन्स क्लब र मिथिला व्याडमिन्टन क्लब ढल्केवरले उक्त झण्डा राखेको बताइएको छ ।
मिथिला उद्योग वाणिज्य सङ्घका अध्यक्ष तेजनारायण साहले राष्ट्रिय झण्डाको सम्मान तथा चोक सौन्दर्य देखिन झण्डा राखिएको बताए । उनले पार्कको सौन्दर्यकरण र चोकको फोहर व्यवस्थापनका लागि पनि स्थानीय क्लब तथा सङ्घसंस्था मिलेर सहयोग गर्ने जानकारी दिए ।



# गौतम स्कुलमा संसदीय निर्वाचनको नमूना अभ्यास



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज स्थित गौतम माध्यमिक विद्यालयमा संसदीय निर्वाचनको नमूना अभ्यास गराइएको छ । सम्पूर्ण नीतिहरुलाई नेतृत्व गर्ने मूल नीति नै राजनीति भएकोले यसलाई विद्यालय तहबाटै व्यावहारिक अभ्यास र सिकाई गर्दै जानुपर्ने उद्देश्यले गौतम माध्यमिक विद्यालयमा संसदीय निर्वाचनको नमूना अभ्यास गराइएको हो । सामाजिक विषयको पाठ्यक्रममा नै समावेश गरिएको निर्वाचनको व्यवहारिक रुपमा अभ्यास गराएर विद्यार्थीहरुमा राजनीतिक संस्कारको विकास गर्ने र निर्वाचन प्रणालीको बारेमा व्यावहारिक ज्ञान प्राप्त होस भन्ने उद्देश्यले विद्यालयमा नमूना निर्वाचन अभ्यास गराईएको गौतम माध्यमिक विद्यालयका निर्देशक सोनाम लामाले जानकारी दिए । विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्यबाट ६ सय ५७ जना मतदाताको सहभागितामा सुरुवाती चरणदेखिको मनोनयन गरि निर्वाचन प्रकृया मार्फत नमूना अभ्यास गरिएको हो ।नेपालमा विद्यमान निर्वाचन क्षेत्रको प्रत्यक्षतर्फ १ सय ६५ निर्वाचन क्षेत्रलाई २० प्रतिशतको अनुपातमा गौतम माविले ३३ वटा निर्वाचन क्षेत्र कायम गरी निर्वाचन सम्पन्न गराएको छ । कक्षा १० का छात्र अरुनभ रिजालका अनुसार ३३ वटै निर्वाचन क्षेत्रबाट जम्मा ६ सय ५० मत खसेको छ । समावेशी सिद्धान्त अनुरुप ३३ प्रतिशत अनिवार्य रुपमा महिला उम्मेदवार बनाइएको रिजालले बताए । आइतवारसम्म निर्वाचनको मतगणना सकेर संसद र सरकार गठनको प्रक्रिया थालिने र लगत्तै मन्त्रीमण्डल गठनपछि नीति तथा कार्यक्रम बनाई पारित गर्ने योजना रहेको निर्देशक लामाले बताए ।
निर्वाचन प्रणाली र प्रक्रियामा विद्यार्थी आफै सहभागी हुन पाएकोले व्यवहारिक रुपमै अभ्यास गर्दा निर्वाचनको प्रक्रियाका बारेमा परीक्षामा आउँदा सहज रुपमा लेख्न सक्ने उनको भनाई छ । युवा पुस्तामा राजनीतिप्रति बढ्दै गएको वितृष्णा र पुस्तान्तरणसँगै राजनीतिमा नयाँ संस्कारको विकास गर्नमा पनि यो नमूना अभ्यास उपयोगी हुन सक्ने विद्यालयले दावी गरेको छ ।

# लामो समयको खडेरीले सिरहामा ५० प्रतिशत मात्र रोपाइँ

**मुकेश कुमार यादव**
**सिरहा ।**
पछिल्लो लामो समयदेखि सिरहामा आकाशे पानी नपर्दा किसानहरु चिन्तित बनेका छन् । अकाशे पानिको भरमा खेतिगर्दै आएका किसानहरु पछिल्लो केही समयदेखि विशेषगरी धानरोप्ने मुख्य समयमा अकाशे पानी नपरेको कारण किसानहरु चिन्तित बनेका हुन् । लामो समयको खडेरीले धेरै किसानहरुले धान रोप्न पाएका छैनन्। रोपेका धान पनि सुक्न थालेकाले किसानहरु चिन्तित बनेका छन् । रोप्न बाँकी रहेका किसानको विउ व्याडमै सुक्न थालेको छ । धानमात्र हैन पानि अभावका कारण फल्न लागेका मकै, मडुवा(कोदो) लागएतका बालीपनि सुक्न थालेको किसानहरु बताउँछन् ।आकाशे पानी नपर्दा जिल्लामा करिव ५० प्रतिशत खेतमा मात्र धान रोपाई भएको छ । धान रोप्ने समय वितिसक्दा पनि सिरहाको नरहा गाउँ पालिका ५ का किसान राजदेव यादवको दुई विगहा देत बाँझौ छ। करिव १२ कठ्ठा जमिनमा स्यालो ट्युवेलको सहयोगमा जसोतसो रोपाइँ गरेपनि रोपाइँ हुनेगरी पानी नपर्दा यादबको खेत बाँझै रहेका छन् । पानी अभावका कारण विष्णुपुर गाउँ पालिका ५ का त्रिभुवन महतोलेपनि धान रोप्न राखेको एक विगहा जमिन अझै बाँझै छ। साउनको मध्येय सम्ममा पनि सुख्खा जारी रहेकाले उनको खेतमा धान रोपाइँ हुन नसकेको महतोले बताए।
महताको जमिनमा कमलाको नहर लाग्ने भएपनि लामो समयदेखिको खरेडीले नहरमा पानी नआउँदा रोपाई हुन सकेको छैन। उनले 'रोपइँको समय घर्किनलाग्दा पनि उनको खेत बाँझै छ। विउ व्याडमै सुक्न थालिसक्यो। पानी पर्ने छाट अझै छैन; भन्दै चिन्ता व्यक्त गरे।सिरहा नगरपालिका १० पदमपुरका नुनु पासवानले गाउँकै गिरहतको करिव एक विगहा जमिन अधियामा गरेका छन्। उनले स्यालो ट्युवेलबाट पानी पटाएर जसोतसो रोपाइँ गरेपनि खडेरीले रोप सुक्न थालेको छ। पासवानले भने, 'जसो तसो धान त रोपीयो, तर खडेरीले रोपेको रोप सुक्न लागिसक्यो, पानी पर्ने कुनै सङ्केत नै छैन।'धान रोप्ने समय सकिनै लागेपनि सिरहामा ५० प्रतिशत मात्र धान रोपाइँ भएको छ। लामो समयदेखि धान रोपाइँकालागि अवाश्यक पानी नपरेका कारण धान रोप्ने समय घर्किसक्दा पनि आधा जमिन बाँझै रहेको हो। आकाशे पानीको भरमा खेतिहुँदै आएको सिरहामा विशेषगरी धानरोप्ने मुख्य समयमा पानी नपरेको कारण रोपाईमा कमी आएको कृषि ज्ञानकेन्द्र सिरहाका प्रमुख नरेन्द्र कुमार महासेठले बताए। उनले भने, 'विशेषगरी सिरहामा आकाशे पानीकै भरमा धानखेति हुँदै आएको छ। यो वर्ष लामो समयदेखि धानरोप्न मिल्नेगरी एकपटकमात्र पानी परेकाले रोपाईमा कमी आएको हो।'
गत वर्ष यहि समयमा जिल्लाको कुल ५९ हजार धान खेतियोग्य जमिन मध्ये ९५ प्रतिशतमा रोपाई सम्पनन भईसकेको ज्ञान केन्द्रका प्रमुख महासेठले जानकारी दिए ।पानी साना कुलो तथा भूमिगत जलस्रोतको पहुँच भएका पालिकाहरुमा सन्तोषजनक रोपाई भएको भएपनि राजमार्ग आसमापासका गाउँ पालिकामा कम रोपाई भएको ज्ञानकेन्द्रका प्रमुख बताउछन् ।सिरहामा सवैभन्दा कम कल्याणपुर नगरपालिकामा १० प्रतिशतमात्र रोपाई भएको छ भने सवैभन्दा बढी बडियारपट्टी गाउँ पालिकामा ९० प्रतिशत रोपाई भएको ज्ञानकेन्द्रले जनाएको छ ।
लहान नगरपालकामा ५० प्रतिशत, धनगढीमाईमा ४५ प्रतिशत, गोलबजारमा ३५ प्रतिशत, मिर्चैयामा ३८ प्रतिशत, कर्जन्हामा ६० प्रतिशत रोपाई भएको ज्ञानकेन्द्रले जनाएको छ । त्यसैगरी, सुखिपुर नगरपालिकामा ३० प्रतिशत भगवानपुर गाउँ पालिकामा ८५ प्रतिशत, नरहामा गगाउँ पालिकामा ३० प्रतिशत, विष्णुपुर गाउँ पालिकामा ५५ प्रतिशत, सखुवा नन्कारकट्टी गाउँ पालिकामा ७० प्रतिशत, औरही गाउँ पालिकामा २५ प्रतिशत र नवराजपुर गाउँ पालिकामा ८० प्रतिशत धान रोपाई भएको ज्ञान केन्द्रले जनाएको छ । स्थानीय जातको धानहरु कम फल्ने भएकाले उन्नत जातका धानहरु किसानको रोजाँमा पर्ने ज्ञान केन्द्रको भनाई रहेको छ। जिल्लामा विशेषगरी वासमती रातो, कालो, सोना मन्सुली, हर्दिनाथ, राम धान, सुख्ख २ र ३, कतर्नी लगायत जातको धानखेति हुने गरेको छ ।कमला नदीको पूर्वी नहरले सानो क्षेत्रमा सिंचाईको सुविधा पुर्याएको भएपनि वर्षाका नभएका कारण नरहमा पनि थोरै पानी आएकाले किसानले धान रोप्न पाएका छैनन् ।





# भ्रष्टाचारविरुद्ध संकलित हस्ताक्षर प्रधानमन्त्रीलाई पठाइयो




**मधेशदृष्टि**
**वीरगंज ।**
भ्रष्टाचारको विरुद्ध र सुशासनको पक्षमा अनेरास्ववियु क्रान्तिकारीले पर्सामा हस्ताक्षर संकलन गरी पर्साका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री कार्यालयलाई पठाएको छ । अखिल क्रान्तिकारी पर्सा र वीरगंज महानगर कमिटीको संयुक्त आयोजनामा जिल्ला प्रशासन कार्यालय पर्साको प्रवेशद्वारमा भ्रष्टाचार विरुद्धको नागरिक हस्ताक्षर संकलन गरिएको थियो । संकलन गरिएको हस्ताक्षर पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीलाई बुझाईएको अखिल क्रान्तिकारीका मधेस प्रदेश सचिव विवेक साहले जानकारी दिए । अखिल क्रान्किारी पर्सा जिल्ला अध्यक्ष कबिराज पटेलको अध्यक्षता तथा केन्द्रिय सचिव प्रभाकर गुप्ताको उपस्थितिमा हस्ताक्षर संकलन गरिएको थियो । कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल लगायतले पनि भ्रष्टाचारको विरुद्धमा हस्ताक्षर गरेका छन् । अभियानमा अखिल क्रान्किारीका विदेश विभाग उपप्रमुख तथा पर्सा जिल्ला इञ्चार्ज शिवम साह, प्रदेश सचिव बीबेक साह, गायत्री सिंह, जिल्ला सह-सचिव धर्मेन्द्र पटेल, वाईसियल पर्सा इञ्चार्ज सन्तोष पटेल, अध्यक्ष दीपेन्द्र पटेल, ठाकुरराम क्यामपस इकाई अध्यक्ष अनिस पटेल, महानगर उपाध्यक्ष रामबाबू मण्डल लगायतको सहभागिता रहेको थियो ।

# ट्याङ्करबाट टोलटोलमा पानी




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा खानेपानीको हाहाकार भएपछि ट्याङ्कर एवं ट्याङ्कीबाट टोलटोलमा पानी वितरणको कार्य तिब्र रुपमा भइरहेको छ । वीरगंज महानगरपालिकाको अधिकांश क्षेत्रमा चापाकल सुकेर पानीको अभाव हुन थालेपछि महानगरपालिकाले विभिन्न वडामा ट्याङ्करबाट पानी वितरण कार्यलाई तिब्रता दिएको हो ।महानगरले वडाहरुमा पानी वितरणका लागि समय तालिका नै सार्वजनिक गरेको छ । महानगरले ट्याङ्करबाट पानी वितरण गर्नुका साथै विभिन्न स्थानमा अस्थायी ट्याङ्की नै राखेर पानी वितरणको व्यवस्था मिलाएको हो । नगरवासीको जनजीवन सहज बनाउन महानगरले समय नै तोकेर पानी वितरणका लागि तालिका सार्वजनिक गरेको महानगरका मेयर राजेशमान सिंहले बताए ।विहान ५ बजेदेखि राती ८ बजेसम्म विभिन्न १९ वटा वडामा ट्याङ्करमार्फत पानी वितरण गरिरहेको र अन्य वडामा पनि समस्या देखिए पानी उपलब्ध गराइने मेयर सिंहले बताए । ट्याङ्करबाट अहिलेसम्म १९ वटा वडामा दैनिक पानी उपलब्ध गराइरहेको र ७ वटा वडाको विभिन्न स्थानमा अस्थायी ट्यांकी राखिएको छ । यसका साथै खानेपानी संस्थानको पाइपलाईन विस्तार भएका ठाउँको सार्वजनिक स्थानहरुमा खानेपानीको धारा जडान गर्ने कार्यलाई महानगरले तिब्रता दिएको मेयर सिंहको भनाई छ । वडा नम्वर १ देखि १७ र १९ मा खानेपानीको पाइपलाइन विस्तार भएकाले ती वडाका सार्वजनिक स्थानमा धारा जडान गर्ने कार्य भइरहेको महानगर खानेपानी शाखाका प्रमुख भोगेन्द्र चापागाईंले जानकारी दिए । पानीको सतह तल झरेपछि वीरगंज महानगरभित्रका विभिन्न वडाका हजारौँ चापाकलहरु सुकेका छन् । तत्कालै प्राकृत्तिक रूपमै जलस्तरमा सुधार आउने सम्भावना न्यून देखिएकाले महानगरले अहिले पानी ट्याङ्कीमार्फत अस्थायी रूपमा समस्या समाधानको प्रयास गरिरहेको हो ।वीरगंज महानगरपालिका सहित विभिन्न सामाजिक संघ संस्थाहरुले पनि पानी वितरणलाई तिव्रता दिएका छन । सामाजिक उत्तरदायित्व अभियान अन्तरगत रेडियो बीरगंजले विगत दुई साता देखि पानी वितरण गर्दै आएको छ । रेडियो वीरगंजले आज वीरगंज महानगरपालिका वडा नम्बर १६ अमरचोक र रेल्वे चोकमा खानेपानी वितरण गरेको छ । खानेपानीको अभावमा परेकाहरुलाई तत्काल पानी उपलब्ध गराउने अभियानमा रेडियो वीरगंज क्रियाशिल रहदै आएको रेडियो वीरगंज ९९ मेगाहर्जका अध्यक्ष ध्रुव साहले बताउनु भयो ।

# विद्यालयमा निःशुल्क आँखा शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
माट्रिका आई फाउण्डेशनले श्रीपुर स्थित कुमुदिनी एकेडेमीका विद्याथीहरुको निःशुल्क आँखा परीक्षण गरेको छ । फाउण्डेशनले स्कुलमा शिविरको आयोजना गरि विद्यार्थी एवं शिक्षकहरुको आँखा चेकजाँच गरेको थियो । तराईमा बढ्दै गएको गर्मीले विद्यार्थीहरुमा आँखा पाक्ने रोग, आँखा कमजोर, आँखा चिलाउने जस्ता समस्या देखा परेकोले विद्यालयमा शिविरको आयोजना गरिएको बताइएको छ ।शिविरमा चेकजाँच गर्नुको साथै औषधी समेत वितरण गरिएको थियो । शिविरमा माट्रिका आई फाउण्डेशनका डाक्टरहरु मनोरञ्जन यादवले आँखा चेकजाँच गरेका थिए । शिविरमा २ सय जना विद्यार्थी तथा शिक्षकहरुको आँखा परीक्षण गरिएको कुमुदिनी एकेडमीका प्रबन्ध निर्देशक रामजी गिरीले जानकारी दिए ।

# जिराभवानीको बजेट ३० करोड

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जिराभवानी गाउँपालिकाले ३० करोड ३१ लाख ४८ हजार रुपैयाँ बराबरको बजेट पारित गरेको छ । १२ औं गाउँ सभाबाट पारित आर्थिक बर्ष २०८०/०८१ को बजेट एक कार्यक्रमबीच गाउँपालिकाकी उपाध्यक्ष रेखा चौधरीले सार्वजनिक गरेकी छिन् । गाउँपालिका अध्यक्ष अनोज चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा उपाध्यक्ष चौधरीले बजेट प्रस्तुत गर्दै आम्दनी तर्फ नेपाल सरकारबाट प्राप्त अनुदान वित्तिय समानिकरण ९ करोड ४२ लाख रुपैयाँ, सर्शत चालुतर्फ ११ करोड २४ लाख रुपैयाँ, सर्शत पुँजीगततर्फ ९० लाख रुपैयाँ, विशेष अनुदानतर्फ १ करोड रुपैयाँ र समपुरक अनुदानतर्फ ५० लाख रुपैयाँ एवं राजस्व बाँडफाडतर्फ ५ करोड ४५ लाख रुपैयाँ रहेको बताइन् । यसैगरी प्रदेश सरकारबाट प्राप्त अनुदान बित्तीय समानीकरण ६५ लाख ४८ हजार रुपैयाँ, विशेष अनुदान ३० लाख रुपैयाँ, समपुरक अनुदान २० लाख रुपैयाँ तथा आन्तरिक आय ५० लाख रुपैयाँ र आन्तरिक राजस्व १५ लाख रुपैयाँ रहेको बताइन् । उनले खर्चमा पुँजीगततर्फ कृषि विकास तथा पशु सेवामा ५० लाख रुपैयाँ, शिक्षा क्षेत्र विकासमा १ करोड १२ लाख रुपैयाँ, स्वास्थ्य क्षेत्र विकासमा ५० लाख रुपैयाँ, मर्मत सम्भार कोषमा ५० लाख रुपैयाँ, सम्पुरक कोषमा ५० लाख रुपैयाँ, भैपरी आउने पुँजीगत खर्च ४० लाख रुपैयाँ, गाउँपालिकाको प्रमुख सडक मर्मत ४० लाख रुपैयाँ, बृक्षारोपणमाम १० लाख रुपैयाँ, सडक बत्ती खरिदमा १० लाख रुपैयाँ, महिलाहरुको क्षमता विकास तथा जनचेतना कार्यक्रममा २० लाख रुपैयाँ, खेलकुद विकासमा १५ लाख रुपैयाँ, न्यायिक समिति व्यवस्थापनमा ५ लाख रुपैयाँ बजेट छुट्याएको वताइन् । यसैगरी वडास्तरीय योजनाहरुको लागि २ करोड रुपैयाँ, गत आ.व.को भुक्तानी गर्नु पर्ने वाँकी एक करोड ४८ लाख रुपैयाँ, आन्तरिक भुक्तानी गर्नुपर्ने वाँकी एक करोड २६ लाख रुपैयाँ, कृषि पोल तथा तार जडान १ करोड २५ लाख रुपैयाँ, कृषकहरुको कृषि मोटर खरिद तथा वितरण कार्यक्रमको लागि २५ लाख रुपैयाँ र विपद व्यवस्थापनको लागि १० लाख रुपैयाँ विनियोजन गरेको जानकारी दिइन । उनले चालुतर्फ चालु खर्च ५ करोड ४४ लाख ४८ हजार रुपैयाँ र नेपाल सरकारको सर्शत कार्यक्रममा १४ करोड एक लाख रुपैयाँ विनियोजन गरेको वताइन । गाउँपालिकाको वडा नं. ३ स्थित बरात भवनमा आयोजित कार्यक्रममा डा. बालकृष्ण चौधरी, प्रदेश सभा सदस्य शंकर चौधरी, प्रमुख प्रशासकीय अधिकृत अमित कुमार गिरी, सबै वडाका वडाध्यक्ष, गाउँ सभा सदस्य, गाउँपालिकाका कर्मचारी, सुरक्षाकर्मी लगायतको उपस्थिति रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन